मजदुर
The Worker Daily दैनिक

- ग्राहक बन्नु परेमा
- नवीकरण गर्नु परेमा
- पत्रिका नियमित नआएमा
- वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।

मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



निर्वाचनमा सहभागी बनौं।

- आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो।
- निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो।
- मतदानबाट नागरिकले आफ्ना प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागिता जनाउने।
- स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपुर्ण हस्तान्तरण हुने।
- निर्वाचनबाट मौलिक हक र मानवअधिकारको संरक्षण हुने।
- मतदाताको राजनीतिक छनौटको अधिकार सुनिश्चित हुने।
- लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने।
- जनताप्रति उत्तरदायी र जवाफदेही सरकारको निर्माण हुने हुँदा, निर्वाचनमा सहभागी बनौं, मताधिकारको प्रयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



★ वर्ष : २७ ★ अङ्क : ३३२ ★ ने. सं. ११४६ थिंला गा, औँसी ★ शनिबार ★ ५ पुस, २०८२ ★ December 20, 2025, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


## गाजामा उद्धारका लागि पर्खिरहेका एक हजारभन्दा बढी बिरामीको मृत्यु



जेनेभा, ५ पुस (एएफपी) । विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले शुक्रबार युद्धग्रस्त गाजामा उपचारको लागि उद्धारको पर्खाइमा रहेका एक हजारभन्दा बढी बिरामीको मृत्यु भएको बताएको छ ।

सङ्गठनका प्रमुख टेड्रोस अधानोम गेब्रेयससले एक्समा भन्नुभएको छ, "संयुक्त राष्ट्रसङ्घ र यसका साझेदारहरूले युद्ध सुरु भएदेखि दुई वर्षभन्दा बढी समयमा 'गम्भीर स्वास्थ्य समस्या भएका १० हजार ६०० भन्दा बढी बिरामीहरूलाई गाजाबाट उद्धार गरेका थिए, जसमा पाँच हजार ६०० भन्दा बढी बच्चाहरू पनि रहेका छन् ।"

उहाँले भन्नुभयो, "धेरै बिरामीहरू गाजामा उचित स्वास्थ्य सेवा प्राप्त गर्न गाजाबाट बाहिर निस्कने उद्धारका लागि पर्खिरहेका छन् ।"

हमास नियन्त्रित गाजास्थित स्वास्थ्य मन्त्रालयको तथ्याङ्क उद्धृत गर्दै टेड्रोसले भन्नुभयो, "सन् २०२४ जुलाई र सन् २०२५ नोभेम्बरको बिचमा एक हजार ९२ बिरामीहरूको उद्धारको पर्खाइमा नै मृत्यु भएको हो ।"

"यो तथ्याङ्क वास्तविक मृत्यु सङ्ख्याभन्दा कम रिपोर्ट गरिएको हुन सक्छ," उहाँले भन्नुभयो ।

"गाजाबाट बिरामीहरूका लागि थप देशहरूमा जाने बाटो खुलाउन र पूर्वी जेरुसेलमसहित वेस्ट बैङ्कमा चिकित्सा सुविधा पुनर्स्थापना गर्न आवश्यक छ," उहाँले भन्नुभयो ।

विश्व स्वास्थ्य सङ्गठनका प्रवक्ता तारिक जसारेभिचले शुक्रबार जेनेभामा पत्रकारहरूसँग भन्नुभयो, "गाजाबाहिर करिब १८ हजार ५०० बिरामीहरूलाई अझै उपचारको आवश्यकता छ, जसमा चार हजारभन्दा बढी बालबालिकाहरू रहेका छन् ।"

'डक्टर्स विदाउट बोर्डर्स'का एक अधिकारीले यसै महिनाको सुरुमा एएफपीलाई डब्ल्यूएचओको तथ्याङ्कमा दर्ता भएका बिरामीहरू मात्र उल्लेख गरिएको र तत्काल उद्धार गर्नुपर्ने वास्तविक सङ्ख्या कैयौँ गुणा बढी रहेको बताउनुभएको थियो ।

"यीमध्ये धेरैसँग पर्खने समय छैन," जसारेभिकले भन्नुभयो ।

डिसेम्बर १ सम्म विश्वका ३० भन्दा बढी देशहरूले गाजाबाट उपचारको आवश्यकता रहेका बिरामीहरूलाई लिए भने इजिप्ट र संयुक्त अरब इमिरेट्स (यूएई) सहित थोरै देशहरूले मात्र ठुलो सङ्ख्यामा बिरामीहरू लिएका हुन् ।

सन् २०२३ अक्टोबरमा इजरायलमा हमासको घातक आक्रमणपछि सुरु भएको गाजा युद्धलाई अमेरिकाको पहल र इजिप्ट र कतारको मध्यस्थतामा गरिएको युद्धविराम सम्झौताले हाल युद्ध रोकिएको छ ।

अक्टोबर १० देखि लागू भएको यो सम्झौता कमजोर छ किनकि इजरायल र हमासले लगभग दैनिक रूपमा एक अर्कालाई सम्झौता उल्लङ्घनको आरोप लगाउँदै आएका छन् ।

## संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको मुटु परीक्षण शिविर सञ्चालन हुने



भक्तपुर, ४ पुस । भक्तपुर नगरपालिकाले २०८२ पुस ८, ९, १० र ११ गते विद्यालयका बालबालिकाहरूको मुटु परीक्षण शिविर सञ्चालन गर्ने भएको छ ।

भक्तपुर नगरपालिकाको आयोजना र मित्र राष्ट्र चीनको युनानस्थित फुवाई युनान कार्डियो भास्कुलर अस्पतालमा कार्यरत विज्ञ चिकित्सकहरूको सहभागितामा भक्तपुर नपाभित्र सञ्चालित संस्थागत र सामुदायिक विद्यालयका शिशु कक्षादेखि कक्षा १० सम्मका विद्यार्थीहरूको मुटु परीक्षण शिविर सञ्चालन गर्ने विषयमा शुक्रबार प्रधानाध्यापक तथा प्रिन्सिपलहरूको भेला भयो ।

भेलामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शिक्षा र स्वास्थ्य क्षेत्रमा भक्तपुर अहिले प्रगतिको मार्गमा अगाडि बढिरहेको छ भन्नुभयो ।

भक्तपुरका सामुदायिक र निजी विद्यालयहरू शैक्षिक गुणस्तरमा समान रूपमा अगाडि बढिरहेको बताउँदै उहाँले यहाँ अध्ययनरत प्रत्येक नागरिकहरूलाई स्वस्थ बनाउने उद्देश्यले स्वास्थ्य क्षेत्रलाई जोड दिँदै १०० शय्याको ख्वप अस्पताल सञ्चालन गरी विशिष्टकृत स्वास्थ्य सेवा प्रदान गर्दै आएको बताउनुभयो ।

उहाँले भक्तपुर क्यान्सर अस्पताल सरकारीकरण भएसँगै जनताले सहज र सुलभ रूपमा क्यान्सर उपचार सेवा गर्न पाइरहेको बताउँदै भक्तपुर नपाले टोल टोलमा विभिन्न रोगको स्वास्थ्य शिविरहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले जापान सरकारको प्राविधिक सहयोगमा श्वासप्रश्वास पुनःस्थापना केन्द्र पनि सञ्चालन गरिरहेको बताउँदै भक्तपुरलाई सहज र व्यवस्थित उपचार हुने र स्वस्थ नागरिक बसोबास गर्ने ठाउँ बनाउने सोच रहेको बताउनुभयो ।

ख्वप अस्पतालका छाती रोग विशेषज्ञ डा. अमर प्रजापतिले जन्मजात हृदय रोगलाई समयमै उपचार गर्न सके भविष्यमा मुटु रोगको जोखिम कम हुने बताउँदै बालबालिकाहरूमा देखिने मुटु रोगका लक्षणहरूलाई अभिभावकले संवेदनशीलताका साथ लिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले शिविरमा नगरभित्रका ३५ हजार ८८० जनाको हाराहारीमा विद्यार्थीहरूको सहभागिता रहने बताउँदै पुस १० गते सार्वजनिक बिदा भए पनि उक्त दिन मुटु परीक्षण शिविर सञ्चालन गरिने जानकारी गराउनुभयो ।

नगर शिक्षा शाखा प्रमुख साधुराम फुयालले शिक्षा र स्वास्थ्य एउटै सिक्काका दुई पाटा हुन् भन्दै बालबलिकाको मुटु परीक्षणले सम्भावित जोखिम न्यूनीकरणमा मद्दत पुग्ने बताउनुभयो ।

चीनको खुनमिङ चिकित्सा विश्वविद्यालयमा जनस्वास्थ्य विषय अध्ययनरत कृष्ण गरुले कार्यक्रमको उद्देश्य र महत्त्वमाथि प्रकाश पार्दै मुटु परीक्षण गरिएका विद्यार्थीमध्ये मुटुमा गम्भीर समस्या देखिएकाहरूलाई निःशुल्क उपचार गरिने बताउनुभयो ।

## सर्वहारा वर्गको मुक्तिका लागि समाजवाद

भक्तपुर, ४ पुस । नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिको आयोजनामा विश्व सर्वहारा वर्गका महान गुरुहरू स्तालिनको १४७ औं र माओ त्सेतुङको १३२ औँ जन्मदिवसको अवसरमा शुक्रबार कार्यकर्ता प्रशिक्षण कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले हरेक कार्यकर्ताहरूले स्तालिन र माओको योगदानबारे ज्ञान राख्न पार्टी प्रकाशनहरू, 'श्रमिक' साप्ताहिक र 'मजदुर' दैनिक नियमित अध्ययन गरे पछुटाउन नपर्ने बताउनुभयो ।

"मार्क्स र एंगेल्सले आफूले अध्ययन गरेर, भोगेर, अनुभवहरू सङ्गालेर विश्वका सर्वहारा वर्गको मुक्तिको लागि समाजवादी सिद्धान्त प्रतिपादन गर्नुभएको थियो", उहाँले भन्नुभयो, "समाजवादी सिद्धान्तलाई रूसी अक्टोवर क्रान्तिका नेता लेनिन र स्तालिनले रुसी भूमिमा उपयोग गरेर देखाउनुभयो । रुसी समाजवादी झन्डालाई फरफराउँदै विश्वमा पुँजीवादको विकल्प समाजवाद नै हो भने व्यवहारमा देखाइदिनुभयो । रुसी समाजवादलाई रक्षा गर्न स्तालिनले साम्राज्यवादीहरूको दोस्रो विश्वयुद्ध छेड्ने हिटलरलाई परास्त गरी रुसी समाजवादलाई बचाएको हुँदा साम्राज्यवादीहरूले स्तालिनविरूद्ध अनेक भ्रमहरू फैलाउँदै आएका छन् ।"

"मार्क्सवाद र लेनिनवादलाई माओ त्सेतुङले चिनियाँ माटो सुहाउँदो जनवादी क्रान्ति सफल पारी चिनियाँ भूमिमा समाजवाद लागु गरी चीनलाई आजको अवस्थामा पुऱ्याउने माओ त्सेतुङ विचारधारा अजेय छन् । तर, नेपालका कम्युनिस्टहरू भने मार्क्सवाद-लेनिनवाद, समाजवादको वकालत गर्छन् तर स्तालित र माओको देनलाई भुल्दै छन् । साम्राज्यवादीहरूको अगाडि विश्व सर्वहारा वर्गका नेताहरूको तस्बिरसम्म देखाउन चाहँदैनन् । यस मानेमा शासक पार्टीहरू नाममात्रको कम्युनिस्ट छन्, व्यवहारमा काङ्ग्रेस हुन्", उहाँले भन्नुभयो ।


***बाँकी पृष्ठ २ मा***



ख्वप्रिङ इङ्गलिस एकेडेमी
लिबाली–८, भक्तपुर

हार्दिक निमन्त्रणा

यस एकेडेमीद्वारा आयोजित
ख्वप्रिङ खाद्य महोत्सवमा
स्वादका पारखी शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी, स्थानीय बासिन्दाहरूलाई निम्न मिति, समय र स्थानमा उपस्थितिको लागि हार्दिक आमन्त्रण गरिन्छ ।

**मिति** : २०८२ पुस ५ गते, शनिबार
**समय** : दिनको ११:०० बजेदेखि ३:०० बजेसम्म
**स्थान** : विद्यालय प्राङ्गण, लिबाली–८, भक्तपुर

हाम्रा आकर्षणहरू
*नेवारी, थारू, तामाङ, राई लगायत अन्य थरी थरीका परिकारहरू*

# स्वास्थ्य शिक्षा शिविर सञ्चालन



भक्तपुर, ४ पुस । भक्तपुर नगरपालिका वडा नं. ७ को आयोजनामा महिलाहरूमा हुने पाठेघरको मुखको क्यान्सर ( भी.आई.ए.) तथा स्तन क्यान्सरसम्बन्धी स्वास्थ्य शिक्षा शिविर शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले नगरपालिकाले स्वास्थ्य क्षेत्रमा विगतदेखि निरन्तर काम गर्दै आइरहेको बताउँदै नगरका सबै वडामा वडा नर्समार्फत घर-घरमा गई बिरामीको उपचारमा सहयोग गर्दै आएको उल्लेख गर्नुभयो ।

उहाँले प्रत्येक वडाका स्वयम्सेविकाहरू तथा वडा नर्सले घरमा आई औषधि सवेन गर्ने तरिका तथा स्वास्थ्यसम्बन्धी जानकारी दिँदै आएको हुँदा नगरवासीहरूमा स्वास्थ्य चेतना बढ्दै गएको बताउनुभयो । उहाँले पुस महिनाभित्र चिनियाँ तथा नेपाली चिकित्सकहरूद्वारा नगरभित्रका सम्पूर्ण विद्यालयका विद्यार्थीहरूको मुटुको परीक्षण गरिने बताउनुभयो ।

ख्वप अस्पतालका नर्स रचना सुवालले पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सरसम्बन्धी लक्षण, रोकथामका उपाय तथा उपचार विधिबारे जानकारी दिनुभएको थियो । स्तन क्यान्सर पुरुषहरूलाई समेत हुनसक्ने भएको हुनाले पुरुषहरू पनि सचेत हुनुपर्ने उहाँले बताउनुभयो ।

कार्यपालिका सदस्य एवं ७ नं. वडाका महिला वडा सदस्य रन्जना त्वातीले कार्यक्रमको महत्त्वबारे प्रकाश पार्नुभएको थियो ।

# साइनिङ स्टुडेन्टस्मा 'फोहरलाई मोहर बनाऔँ' प्रदर्शनी सम्पन्न



भक्तपुर, ४ पुस । साइनिङ स्टुडेन्टस् एकेडेमीले शुक्रबार फोहोरलाई मोहर बनाऔँ भन्ने विषयमा प्रदर्शनी गऱ्यो ।

भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवाल र भनपा स्यानिटेसन शाखा प्रमुख दिलिप सुवालले संयुक्त रूपमा प्रदर्शनीको शुभारम्भ गर्नुभयो ।

भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले फोहरबाट मोहर बनाउँदा आर्थिक वृद्धि गर्न सकिने कुरामा जोड दिनुभयो । उहाँले कुहिने फोहरलाई प्राङ्गारिक मलको रूपमा प्रयोग गर्न सकिने र नकुहिने फोहर प्लास्टिकजस्ता वस्तुहरूबाट अन्य सामान बनाएर आर्यआर्जन गर्न सकिने बताउनुभयो ।

विद्यालयले लगातार ३ वर्षदेखि विभिन्न विषयमा प्रदर्शनी गरेर अभिभावकको विश्वास जित्न सफल भएको विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा भनपा स्यानिटेसन शाखाका प्रमुख दिलिप सुवालले फोहर शब्द हेर्दा र सुन्दा सामान्य तर यसभित्र थुप्रै कुरा लुकेको हुन्छ भन्नुभयो । उहाँले फोहरबाट हुने विभिन्न किसिमका रोगबारे सचेत हुनुपर्ने र यसको व्यवस्थापनमा ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले कुहिने र नकुहिने फोहरबारे ज्ञान राख्नुपर्ने, फोहरलाई कसरी पुनः प्रयोग गर्ने, कुहिने फोहरलाई व्यवस्थित गरी त्यसलाई प्राङ्गारिक मल बनाई प्रयोग गर्दा कृषि क्षेत्रमा टेवा पुऱ्याउन सकिने जानकारी दिनुभयो ।

विद्यालय र विद्यार्थीहरूले फोहर व्यवस्थापनसम्बन्धी गरेका कार्यलाई अभिभावकहरूले प्रोत्साहन दिनु जरुरी छ भन्नुभयो ।

विद्यालयका प्रिन्सिपल रविन छुस्याकीले सभापतित्व ग्रहण गर्दै फोहरलाई मोहर बनाऔँ भन्ने नारालाई आत्मसात गर्ने हेतुले विद्यालयस्तरबाटै विद्यार्थीलाई फोहरमैला व्यवस्थित गरी सही सदुपयोग गर्ने उद्देश्यले कार्यक्रम गरेको बताउनुभयो ।

# प्राकृतिक विपत्तितर्फको बीमा भुक्तानी ११ करोड १५ लाख

काठमाडौँ, ४ पुस । अविरल वर्षा तथा बाढीपहिरोका कारण भएको भौतिक तथा अन्य क्षतिको हालसम्म रु. ११ करोड १५ लाखबराबरको बीमा रकम भुक्तानी भएको छ ।

बीमा प्राधिकरणका अनुसार गत असोज १८ गतेयताको अविरल वर्षा तथा बाढीपहिरोका कारण भएका भौतिक तथा अन्य क्षतिको हालसम्ममा निर्जीवन बीमा कम्पनीमा कुल ७९० वटा प्रारम्भिक बीमादाबी परेको थियो । त्यसमा कुल रु. चार अर्ब १८ करोड २६ लाख प्रारम्भिक दाबी रकममध्ये हालसम्ममा कुल ९६ वटा दाबीको भुक्तानी भएको प्राधिकरणका प्रवक्ता सुशीलदेव सुवेदीले जानकारी दिनुभयो ।

विभिन्न १३ वटा निर्जीवन बीमा कम्पनी र दुईवटा लघु निर्जीवन बीमा कम्पनीबाट प्राप्त अद्यावधिक तथ्याङ्कअनुसार निर्जीवन बीमा कम्पनीबाट सम्पत्ति बीमातर्फ ४१७ वटा प्रारम्भिक दाबीमध्ये ३३ वटाको भुक्तानी भएको छ । सम्पत्ति बीमामा रु. तीन अर्ब ५८ करोड ३२ लाखबराबरको दाबी परेको थियो । प्राधिकरणका अनुसार सो दाबीमा रु. नौ करोड ६४ लाखबराबरको भुक्तानी भएको छ ।

त्यसैगरी, इन्जिनियरिङ तथा ठेक्का जोखिम बीमातर्फ १०७ वटा बीमा दाबीको करिब रु. ५१ करोड ५७ लाखमध्ये कुल सातवटा दाबीको रु. नौ लाख बीमितलाई भुक्तानी भएको छ । कृषि तथा बाली बीमातर्फ २१० वटा बीमा दाबी परेको थियो । त्यसमा करिब रु. चार करोड १४ लाख दाबी रकममध्ये कुल ४२ वटा दाबीको रु. १९ लाख भुक्तानी भएको छ ।

यस्तै, मोटर बीमा (निजी)तर्फ ४० वटा बीमा दाबीको करिब रु. दुई करोड ८२ लाख दाबी रकममध्ये कुल १२ वटा दाबीको रु. एक करोड २० लाख भुक्तानी भएको छ । सामुद्रिक बीमातर्फ चारवटा बीमा दाबीको रु. ११ लाख प्रारम्भिक बीमा दाबी रकममध्ये दुईवटा दाबीको रु. तीन लाख दाबी रकम बीमितलाई भुक्तानी भएको प्राधिकरणले जनाएको छ ।

यस्तै, मोटर बीमा ( सार्वजनिक)तर्फ १० वटा दाबीको रु. एक करोड १९ लाख र लघुबीमातर्फ दुईवटा दाबीको रु. १२ लाख बीमा दाबी रकमको भुक्तानी प्रक्रिया भने हालसम्म सुरु नभएको अद्यावधिक जानकारी निर्जीवन बीमा कम्पनीहरूबाट प्राप्त भएको प्राधिकरणले जनाएको छ । ***(रासस)***

# जिल्ला बक्सिङ सङ्घले गऱ्यो सम्मान

भक्तपुर, ४ पुस । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घको २१ औँ वार्षिक साधारणसभाबाट सञ्चालक समिति सदस्यमा राजकुमार लघु निर्विरोध निर्वाचित भएको अवसरमा सम्मान तथा बधाई कार्यक्रम गरियो ।

भक्तपुर जिल्ला बक्सिङ समूहको आयोजनामा भएको उक्त कार्यक्रममा नेपाल बक्सिङ सङ्घका केन्द्रीय कोषाध्यक्ष गौतम सुजखुले खेलाडी मित्रहरूबिच सिक्ने र सिकाउने बानी हुनुपर्ने आवश्यकता औँल्याउँदै खेलकुदमा लाग्ने युवाहरू अनुशासित र स्वस्थ हुने धारणा राख्नुभयो ।

कार्यक्रममा सम्मानित भएका लघुले जिल्ला बचत सङ्घ समुदायमा आधारित सहकारीको छाता सङ्गठन भएको र देशकै उत्कृष्ट सङ्घको रूपमा गत वर्ष पुरस्कृत हुन सफल भएको बताउनुभयो ।

भक्तपुर जिल्ला बक्सिङ सङ्घका उपाध्यक्ष राजन कुम्पाखले निर्वाचित सहकारीकर्मी लघुलाई बधाई र शुभकामना व्यक्त गर्नुभयो । कार्यक्रममा जिल्ला बक्सिङ सङ्घका लक्ष्मीप्रसाद चवालले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

# जुवाताससहित मानिसहरू पक्राउ

भक्तपुर, ४ पुस । भक्तपुर नगरपालिका वडा नं. ७ गोल्मढीमा तास खेलिरहेका व्यक्तिहरूलाई विशेष सूचनाको आधारमा जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरी टोलीले पुस ३ गते साँझ ५:३० बजे छापा मार्दा १२ जना मानिसलाई नियन्त्रणमा लिई ३ बुक तास र रु.१,७६,६३०।- (एक लाख छहत्तर हजार छ सय तीस रूपैयाँ) बरामद गरेको परिषद्ले जनाएको छ । उनीहरूलाई जिल्ला परिसर भक्तपुरमा ल्याई थप अनुसन्धान कार्य गरिरहेको जिल्ला प्रहरी परिसरले जनाएको छ ।

# मुख्य राजमार्ग कहिले बन्छन् सुरक्षित र भरपर्दो ?

***- रोजी खड्का, प्रशिक्षार्थी***

नेपालका मुख्य राजमार्गहरू देश विकासको आधार मानिन्छ । तर, प्रश्न उठ्छ - के यी राजमार्गहरू साँच्चै विकासका मार्ग बनेका छन् त ? वर्षौँदेखि प्रयोगमा रहेको पूर्व-पश्चिम, सिद्धार्थ, अरनिकोजस्ता राजमार्गहरू आज पनि जोखिमपूर्ण अवस्थामा छन् । यसले नेपाल विकासतर्फ अघि बढिरहेको छ कि उहीँ ठाउँमा अल्झिरहेको छ भन्ने गम्भीर प्रश्न खडा गरेको छ ।

हरेक वर्ष वर्षायाम सुरु हुनासाथ मुख्य राजमार्ग अवरुद्ध हुने समाचार सामान्य बनिसकेको छ । पहिरो, सडक भाँसिने र खाल्डाखुल्डीका कारण यात्रुहरू घण्टौँ सडकमै रोकिन बाध्य छन् । मुख्य राजमार्ग सधैँ बन्द भइराख्दा 'जनताको समय र ज्यानको जिम्मेवारी कसले लिन्छ ?' भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ ।

स्वास्थ्य सेवाको कुरा गर्दा त अवस्था झनै चिन्ताजनक छ । एम्बुलेन्स समयमै अस्पताल नपुग्दा बिरामीको ज्यान जोखिममा पर्ने घटनाहरू बारम्बार दोहोरिन्छन् । खराब राजमार्गको कारण ज्यान गुमाउनुपर्ने अवस्था कहिलेसम्म सहनुपर्ने हो ? लामो र जोखिमपूर्ण यात्रा गर्न नचाहने पर्यटकहरू गन्तव्यमा मात्र केन्द्रित हुन्छन् । यस्ता पर्यटन प्रवाह असन्तुलित बनाउनुका साथै सम्भावनायुक्त क्षेत्रहरू ओझेलमा पर्छन् ।

व्यापार र अर्थतन्त्रमा पनि यसको असर स्पष्ट देखिन्छ । ढुवानी ढिलो, खर्च महँगो र बजार अस्थिर बन्दै गएको छ । खराब मुख्य राजमार्गकै कारण महँगी बढिरहेको छैन र ? भन्ने प्रश्न जनस्तरबाट उठ्न थालेको छ ।

नेपालको विकास गति किन यति सुस्त छ भन्ने प्रश्नको उत्तर खोज्दा मुख्य राजमार्गको अवस्था नजरअन्दाज गर्न सकिँदैन । के हामी अझै पनि कागजमै विकास गरेर सन्तुष्ट हुने हो ? वा अब गुणस्तरीय र दिगो राजमार्ग निर्माणलाई राष्ट्रिय प्राथमिकता बनाउने हो ?

अतः प्रश्न एउटै छ - मुख्य राजमार्ग कहिले जनताको सुविधा र देशको विकासको वास्तविक मार्ग बन्छन् ?

# नेपालमा वायु प्रदूषणको समस्या

***- जितेन्द्र लामा, प्रशिक्षार्थी***

देशका विभिन्न स्थानहरूमा वायु प्रदूषणको समस्या गहिरिँदै गएको छ । काठमाडौँ, भक्तपुर, ललितपुरलगायतका सहरमा वायु गुणस्तर 'अस्वस्थ' तहमा पुगेको छ । यसले विशेषगरी बालबालिका, वृद्धवृद्धाका स्वासप्रश्वासमा समस्या हुने जोखिम बढाएको छ ।

प्रदूषणको मुख्य कारणमध्ये धुलो, धुवाँ, गाडीको धुवाँ र औद्योगिक उत्सर्जन उल्लेखनीय रहेको छ । स्वास्थ्य विशेषज्ञहरूले साँझ-बिहान हिँडडुल गर्दा मास्क प्रयोग गर्न र अत्यावश्यक कामबाहेक घरबाहिर नजान सल्लाह दिएका छन् । चिकित्सकहरूका अनुसार प्रदूषित वायुको लामो समयसम्म सम्पर्कमा रहँदा स्वासप्रश्वाससम्बन्धी रोग, दम, एलर्जी, आँखामा जलन, टाउको दुखाइ तथा फोक्सो र मुटुसम्बन्धी समस्या देखिन सक्छ ।

जनस्वास्थ्य जोगाउन सरकारले प्रदूषण नियन्त्रणसम्बन्धी नीति प्रभावकारी रूपमा लागु गर्नु आवश्यक देखिन्छ । नागरिक स्तरबाट पनि वातावरण संरक्षणप्रति सचेतना अपनाउन जरुरी रहेको विज्ञहरूको भनाइ छ ।

***सर्वहारा...***

कार्यक्रमका सभापति गङ्गाराम ज्याख्वले सय वर्षअघिको चीनको रेशममार्गलाई नै आज २१ औँ शताब्दीमा चिनियाँ सरकार र कम्युनिस्ट पार्टीले संसारकै देशहरूसँग मिलेर अगाडि बढिरहेको छ भन्नुभयो ।

कार्यक्रममा पार्टी नगर समितिका मिरा दुगुजु, विष्णुराम दुमरू र पुरुषोत्तम तमखुले पनि स्तालिन र माओको योगदानबारे बोल्नुभएको थियो ।

# विद्यालयले राखे नेपाली झल्किने नाम

काठमाडौँ, ४ पुस स् यस वर्ष काठमाडौँ महानगरपालिकामा सञ्चालनमा रहेका ३९ वटा विद्यालयले नेपालीपन झल्किने गरी विद्यालयको नाम परिवर्तन गरेका छन् । गत वर्षदेखि नै कामपाले गरेको आग्रहलाई मान्दै विद्यालयको नेपालीपन झल्कनेगरी नाम परिवर्तन गरेका कामपा शिक्षा विभागले जानकारी दिएको छ ।

हाल कामपाभित्र आधारभूत विद्यालय २६, माध्यमिक विद्यालय ५८, विशेष विद्यालय चारवटा, वैकल्पिक विद्यालय २३, धार्मिक विद्यालय ११, सामुदायिक सिकाइ केन्द्र २८, संस्थागत विद्यालय ४२५ वटा गरेर जम्मा शैक्षिक संस्था ७८४ विद्यालय रहेको कामपा शिक्षा विभागका निमित्त विभागीय प्रमुख केशव ज्ञवालीले जानकारी दिनुभयो ।

यसैगरी, कामपाले आफ्नोमातहतका विद्यालयबाट शैक्षिकसत्र २०८१ मा ३० हजार ७७९ जना विद्यार्थीले छात्रवृत्तिमा अध्ययनको अवसर प्रादान गरेको पनि जानकारी दिएको छ । कामपाले छात्रवृत्तिलाई प्रणालीमा आधारित बनाएपछि छात्रा छात्रवृत्तिमा पाँच हजार ८९५, दलित छात्रवृत्तिमा एक हजार ३२२, अपाङ्ग र आवासीय छात्रवृत्ति ४५५ जनालाई यो अवसर प्राप्त भएको बताइएको छ ।

त्यस्तै, संस्थागत विद्यालयमा कक्षा १ देखि १० सम्म १९ हजार ३०६ जना र कक्षा ११ र १२ मा तीन हजार ८०१ जना छात्रछात्राले छात्रवृत्ति प्राप्त गरेका ज्ञवालीले जानकारी दिनुभयो । शिक्षातर्फ यस वर्षका लागि रु. तीन अर्ब २९ करोड ४७ लाख ७७ हजार बजेट विनियोजन गरिएको थियो । यसको ५३.८ प्रतिशत अर्थात् रु. एक अर्ब ७७ करोड ३४ लाख ४२ हजार खर्च भएको छ । ***(रासस)***

सङ्क्षिप्त समाचार

## विदेश पठाइदिने भन्दै ४९ लाख १४ हजार ठगी गर्ने पक्राउ

काठमाडौँ, ४ पुस । वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाइदिने भन्दै रु. ४९ लाख १४ हजार ५०० ठगी गर्ने तीन जनालाई प्रहरीले बिहीबार पक्राउ गरेको छ ।

कपिलवस्तु शिवराज नगरपालिका-५ घर भई हाल काठमाडौँ-३२ बस्ने ५४ वर्षीय पवित्रप्रकाश अधिकारी, भोजपुर षडानन्द नगरपालिका-१२ का ३३ वर्षीय बबिता विश्वकर्मा र भक्तपुर चाँगुनारायण नगरपालिका-९ घर भई हाल काठमाडौँ गोकर्णेश्वर-५ बस्ने २५ वर्षीय साइरज सुवेदी पक्राउ परेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पक्राउ परेकामध्ये अधिकारीले अल्बानिया पठाउने भन्दै रु. १९ लाख, विश्वकर्माले क्यानडा पठाइदिने भन्दै रु. १९ लाख र सुवेदीले अमेरिका पठाइदिने भन्दै रु. ११ लाख १४ हजार ५०० सय लिई विदेश नपठाएर सम्पर्कविहीन भएका उजुरीको आधारमा पक्राउ गरिएको हो ।"

पक्राउ परेकाहरूमाथि थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रवक्ता अधिकारीले बताउनुभयो । *(रासस)*

## कट्टुवा पेस्तोलसहित युवा पक्राउ

तनहुँ, ४ पुस । आँबुखैरेनी गाउँपालिका-४ बेनिटारबाट एक थान कट्टुवा पेस्तोलसहित एक युवालाई प्रहरीले पक्राउ गरेको छ ।

तनहुँका प्रहरी उपरीक्षक टेकबहादुर कार्कीका अनुसार पक्राउ पर्नेमा बाराको सुवर्ण गाउँपालिका-१ का १९ वर्षीय ओमबाबुप्रसाद यादव रहेका छन् । प्रहरीले सवारीसाधान रोकी जाँच गर्ने क्रममा यादव पेस्तोलसहित भेटिएका थिए । यादव बाराको कलैयाबाट पोखरातर्फ आउँदै गरेको ग २ ख २७५ नम्बरको बसमा सवार थिए ।

यादवलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय आबुँखैरेनीमा ल्याई थप अनुसन्धान कार्य भइरहेको प्रहरी उपरीक्षक कार्कीले बताउनुभयो । पृथ्वीराजमार्ग सडक-खण्डमा रहेको अस्थायी प्रहरी पोष्ट मुग्लिन पुलजीपबाट खटिने प्रहरी टोलीले सवारीसाधन जाँच कार्यलाई तीव्रता दिँदै आएको छ । *(रासस)*

## 'नेपाल उड' अन्तर्राष्ट्रिय प्रदर्शनी सुरु

काठमाडौँ, ४ पुस । शुक्रबारदेखि 'नेपाल उड अन्तर्राष्ट्रिय प्रदर्शनी, २०२५' सुरु भएको छ । भृकुटी मण्डपको प्रदर्शनी हलमा काठ, प्लाइउड, ल्यामिनेट तथा काठ प्रशोधन मेसिनरी क्षेत्रसँग सम्बन्धित ११ औँ अन्तर्राष्ट्रिय प्रदर्शनी सुरु आरम्भ भएको हो ।

प्रदर्शनीमा नेपालसहित भारत, चीन, मलेसिया, जर्मनी, ताइवानलगायत देशको सहभागिता रहने आयोजकले जनाएको छ । 'फ्युचरेक्स ट्रेड फेयर एण्ड इभेन्टस् प्रालि' र 'मिडिया स्पेस सोलुसन प्रालि' द्वारा आयोजित उक्त प्रदर्शनी तीन दिनसम्म सञ्चालन हुनेछ । विभिन्न १० देशका दुई सय ५० बढी कक्ष रहेका छन् । करिब १५ हजारभन्दा बढी व्यावसायिक दर्शक सहभागी हुने आयोजकको अनुमान छ ।

नवप्रवर्तन, दिगोपन र आधुनिकीकरणमा केन्द्रित यस प्रदर्शनीले काठ तथा फर्निचर उद्योगसँग सम्बन्धित नवीन प्रविधि, उपकरण र सामग्रीको प्रदर्शन गर्दै व्यावसायिक सहकार्य एवं लगानीका अवसर विस्तार गर्न महत्वपूर्ण भूमिका खेल्ने आयोजकले जनाएको छ । प्रदर्शनीले उत्पादक, आयातकर्ता, व्यापारी, वितरक, रूपान्तरणकर्ता तथा उपभोक्ताबिच अन्तरक्रिया सहज बनाउँदै नयाँ उत्पादन र अत्याधुनिक प्रविधिको सार्वजनिकरणलाई प्राथमिकतामा राखेको आयोजकले जनाएको छ । *(रासस)*

## शीतलहरबाट आठ हजार परिवार प्रभावित हुने

दोधारा चाँदनी (कञ्चनपुर),४ पुस । जिल्ला प्रशासन कार्यालय कञ्चनपुरले जिल्लामा आठ हजार ८७५ परिवार शीतलहरबाट प्रभावित हुन सक्ने जनाएको छ ।

स्थानीय प्रशासनले शीतलहरबाट उत्पन्न हुन सक्ने जोखिमलाई कम गर्न शीतलहर पूर्व तयारी तथा प्रतिकार्य योजना बनाएको प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले जानकारी दिनुभयो । जिल्ला विपद् व्यवस्थापन समितिले तयार पारेको शीतलहर पूर्व तयारी योजना अनुसार भीमदत्त नगरपालिकामा एक हजार ३५०, बेदकोट नगरपालिकामा एक हजार २५०, शुक्लाफाँटामा एक हजार ५५०, कृष्णपुर नगरपालिकामा नौ सय, बेलडाँडी गाउँपालिकामा आठ सय ८०, पुर्नवास नगरपालिकामा आठ सय ५०, दोधारा चाँदनी नगरपालिकामा आठ सय ५०, बेलौरी नगरपालिकामा पाँच सय र लालझाडी गाउँपालिकामा सात सय ४५ परिवार शीतलहरबाट प्रभावित हुन सक्ने अनुमान गरिएको उहाँले बताउनुभयो ।

प्रतिकार्य योजनामा शितलहर प्रभावितलाई राहत उपलब्ध गराउने र विशेषगरी बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता, सुत्केरी तथा गर्भवतीलाई प्राथमिकता दिइने, विपद्को समयमा स्थानीय तह, दातृ निकाय, सहयोगी संस्था तथा नागरिक समाजबिच समन्वय कायम गर्ने उक्त योजनामा उल्लेख छ । त्यसैगरि जाडोयाममा हुनसक्ने स्वास्थ्य सम्बन्धि समस्यालाई कम गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने र स्वास्थ्यकर्मी तथा औषधी तयारी अवस्थामा राख्ने व्यवस्था मिलाइएको प्रजिअ ढकालले बताउनुभयो । *(रासस)*



**जङ्गली हात्तीद्वारा क्षतिग्रस्त घर :** बेलबारी (मोरङ) । मोरङको सुन्दरहरैँचा-७ गोठगाउँ पचहत्तर बिगेस्थित मैया पराजुलीको घरमा जङ्गली हात्तीले अक्रमण गर्दा क्षतिग्रस्त घर ।*तस्बिर : विवेक मिश्र / रासस*

## "हरियाली वनपाखा र हराभरा बगैँचा धुलाम्मे भए"

**- सन्तोष गौतम**

म्याग्दी, ४ पुस । धवलागिरि गाउँपालिकामा निर्माणाधीन जलविद्युत् आयोजनाहरूको निर्माणस्थलमा उड्ने धुलोले वायु प्रदूषण भएको छ । निर्माणस्थलमा चलाइएका डोजरले पाखोमा फाल्ने माटो र मालवाहक सवारीसाधनले उडाउने धुलोका कारण सडकमा हिँडडुल, घाँसदाउरा गर्न समस्या र गाईवस्तुको चरन तथा आहारा घाँसपात नष्ट भएको हो ।

मुदी, खिवाङ, बगर, खाम्ला, बास्बोट, सोलवाङ, दर, फलीयागाउँ, खोरवाङ, कौछीनी, बाँसबोट, नाउराका बासिन्दा धुलोले आजित भएका हुन् । धवलागिरि गाउँपालिका-४ छहरीदेखि खारा हुँदै खाम्ला र वडा नं ३ दरदेखि सिम्वाङ हुँदै मुदी जोड्ने सडकमा धुलोले वायु प्रदूषण बनाएको स्थानीयले गुनासो गरेका छन् । मुना-दर-मुदी सडकको सिम्वाङ क्षेत्रमा दरखोला जलविद्युत् आयोजनाको पाइपलाइन निर्माणका लागि डोजर परिचालन गरेर सडकको भित्ता काट्ने काम भइरहेको छ ।

छहरी-खारा-खाम्ला खण्डको सडकमा अपर म्याग्दी, अपर म्याग्दी-१, म्याग्दीखोलालगायत जलविद्युत् आयोजनाका निर्माण सामग्री र उपकरण बोकेका ट्रक, टिपरलगायत मालवाहक सवारीसाधन ओहोरदोहोर गर्छन् । धवलागिरि गाउँपालिका-४ खिवाङका बासिन्दा लीलबहादुर घर्तीले सडकको धुलोले खेतीबाली र मानिसको स्वास्थ्यमा असर पारेको गुनासो गर्नुभयो । "विकासका आयोजना भित्रिएकामा खुसी भएका हामी हरियाली वनपाखा र हराभरा बगैँचा धुलाम्मे हुँदा दु:खी छौँ", उहाँले भन्नुभयो, "विकास होस तर विपद् र वातावरण विनास नहोस् भन्ने हाम्रो अपेक्षा हो ।"

खाराका ज्ञानबहादुर पुनले गाईवस्तुलाई खुवाउने घाँस, फलफूल र तरकारीको पातैभरि धुलो थुप्रिएर उपभोग गर्न नसकिने भएको बताउनुभयो । "बगैँचा, खेतबारी र घाँसदाउराका लागि घरबाहिर गएर आउँदा शरीरभरि धुलैधुलो भएर नुहाउनुपर्छ", उहाँले भन्नुभयो, "सुकाएका कपडामा पनि धुलो टाँसिएर फोहर हुन्छ । पानीको स्रोत पनि धुलोले दूषित बनाएको छ । खकार र सिगानमा पनि धुलो मिसिएको आउन थालेको छ ।"

खाम्लाका बासिन्दा केशरमान पुनले गाडीभित्र सिसा थुन्दा उकुसमुकुस हुने र झ्याल खोले सबै भित्र पसेर धुलाम्मे भइने बताउनुभयो । "मोटरसाइकल र गाडीको पछाडि बसेर यात्रा गर्नेको धुलोले अनुहार पनि नचिनिने अवस्था हुन्छ", उहाँले भन्नुभयो, "जलविद्युत् आयोजनाले धुलो मार्नका लागि सडकमा पानी नहालेका कारण वायु प्रदूषण बढेको हो ।"

जलविद्युत् आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको धुलो र प्रदूषण नियन्त्रण गर्ने प्रतिबद्धता कार्यान्वयन नगरेकाले सचेत बनाएको धवलागिरि गाउँपालिका-४ का वडाध्यक्ष यामबहादुर घर्तीले बताउनुभयो । कार्तिक दोस्रो सातादेखि अकाशबाट वर्षा नभएकाले मौसम सुक्खा छ ।

अपर म्याग्दी-१ जलविद्युत् आयोजनाले मालिका गाउँपालिका-७ भारवाङमा निर्माणाधीन विद्युत्गृहदेखि छहरीस्थित अडिटसम्म हरेक दिन बिहान र बेलुकी ट्याङ्करबाट सडकमा पानी हालेर धुलो मार्दै आएको छ । खाम्लादेखि बाँध निर्माणस्थलसम्म पनि ट्याङ्करले सडकमा पानी हालेको छ ।

अपर म्याग्दी जलविद्युत् आयोजनाले घिम्लेटीमा निर्माणाधीन विद्युत्गृहदेखि नाउरा हुँदै चेचुङको फेदीमा रहेको अडिटसम्मको सडकमा पानी हालेर धुलो मारेको छ । नाउरादेखि अपर म्याग्दीको बाँध र बगरदेखि माथिको सडकमा पनि धुलो मार्नका लागि सम्बद्ध आयोजनालाई सचेत बनाएको धवलागिरि गाउँपालिका-४ का वडासदस्य हरिप्रसाद तिलिजाले बताउनुभयो ।

अपर म्याग्दी-१ जलविद्युत् आयोजनाका प्रमुख ज्योतिकुमार केसीले छहरी-खारा-खाम्ला सडक स्तरोन्नतिको जिम्मा लिएको सहायक ठेकेदारले समयमा काम नगरिदिँदा धुलो नियन्त्रण गर्न नपाएको बताउनुभयो । "हाम्रो सिभिल ठेकेदार लुना विल्डर्समार्फत जिम्मा लिएका स्थानीय सबकन्ट्रक्टरले सडकमा नाली, पर्खाल बनाउन र सोलिङ गर्न ढिलाइ गर्नुभएको छ", उहाँले भन्नुभयो, "सब कन्ट्र्याक्टरले छिटो काम सकिदियो भने धुलो नियन्त्रण र थप काम लगाउन हामीलाई सजिलो हुने थियो ।"

लुना विल्डर्सको सहायक ठेकेदार चोचाङ्गी पुन कन्ट्रक्सनका सञ्चालकसमेत रहेका मुदीका बासिन्दा दलमान पुनले आफ्नो जिम्मेवारी सडकको संरचना बनाउने भएको र धुलो मार्ने काम आयोजनाकै भएको तर्क गर्नुभयो । "नाउरादेखि खाम्ला-कल्लेनी क्षेत्रमा ग्याबियन, नाली, मेसिनरी पर्खाल र सोलिङको काम गर्नेमात्रै मेरो जिम्मेवारी हो", उहाँले भन्नुभयो, "धुलोका कारण मजदुरलाई काम गराउन मलाई पनि समस्या भएको छ ।"

अपर म्याग्दी जलविद्युत् आयोजनाका प्रमुख रमेश सुवेदीले आफ्नो आयोजना क्षेत्रमा धुलो नियन्त्रण गरेको र नाउरादेखि बगर जोड्ने सडकमा म्याग्दीखोला जलविद्युत् आयोजनासँग साझेदारी गरेर प्रदूषण नियन्त्रणको काम गरिने बताउनुभयो । *(रासस)*

## सहरको जीवन र एक्लोपन

***- दिजन दुवाल, प्रशिक्षार्थी***

सहरको जीवन बाहिरबाट हेर्दा निकै रमाइलो र चम्किलो देखिन्छ । ठुला घर, ब्यस्त सडक कफी पसल अनि दैडिरहेका मानिसहरू सबै केही खोज्दै हिँडिरहेका हुन्छन् । तर, यो भीडभाडभित्र पनि धेरै मानिसहरू भित्रभित्रै एक्लो महसुस गर्छन् । सहरमा मान्छे प्रशस्त छन् । तर, सम्बन्ध कम छन् ।

पहिले गाउँघरमा मान्छेहरू एकअर्काको घरमा पुग्थेँ, कुराकानी गर्थेँ, सँगै हाँस्थे । अहिले सहरमा छिमेकीको हुन् भनेर थाहा नै नहुने अवस्था छ । बिहान उठ्ने, कामामा जाने, फर्किने र मोबाइल स्क्रिनमा हराउने यही दैनिकी बनेको छ । बाहिर सबै ठीक देखिए पनि भित्र मन खालीजस्तो लाग्ने अवस्था धेरैको हुन्छ ।

सहरले अवसर तलिन्छ, तर मनलाई पनि थकाउँछ कहिलेकाहीँ भीडबिच हिँड्दा पनि एक्लोपनको महसुस हुन्छ, जस्तो कोही सुन्ने नै छैन । तर सहरमा पनि आत्मीयता खोज्न सकिन्छ, जरुरी छ त केवल हृदय खुला राख्ने । कसैलाई "नमस्ते" भन्नु, पुरानो साथीलाई भेट्न समय निकाल्नु वा आफैसँग केही समय बिताउनु, यिनै स-साना कुराले पनि मन हल्का बनाउँछन् ।

अन्तत: सहरको चकचकी भित्र पनि मानवीय सम्बन्ध नै सबैभन्दा ठुलो सम्पत्ति हो । पैसा र प्रगति पछि दौडिरहँदा मनका कुरा बिर्सिनु हुँदैन । आखिर, मानिसको जीवन चमकले होइन, सम्बन्ध र माया महसुर गर्ने क्षमताले नै अर्थपूर्ण बन्छ ।

## नेपालमा Pathao, Yango र InDrive जस्ता राइड-हेलिङ सेवाको तीव्र विस्तार

***- अनु प्रजापति, प्रशिक्षार्थी***

नेपालमा Pathao, Yango र InDrive जस्ता डिजिटल राइड-हेलिङ एपहरूको प्रयोग पछिल्लो समय तीव्र रूपमा बढ्दै गएको छ । विशेषगरी काठमाडौँ उपत्यका तथा प्रमुख सहरहरूमा यी सेवाहरूले दैनिक यातायातलाई सहज, छिटो र प्रविधिमैत्री बनाएका छन् ।

सार्वजनिक यातायातको सीमितता, ट्राफिक समस्या र समयको अभावका कारण सर्वसाधारण नागरिक एपमार्फत सवारी सेवा लिने विकल्पतर्फ आकर्षित हुँदै गएका छन् । Pathao र InDrive पहिले नै स्थापित सेवा भए पनि हालै Yango को प्रवेशले प्रतिस्पर्धा थप तीव्र बनाएको छ ।

यी एपहरूले यात्रुका युवाहरू र बेरोजगार व्यक्तिलाई आम्दानीको अवसर पनि प्रदान गरेका छन् । आफ्नै सवारी साधन प्रयोग गरी चालकले लचिलो समयतालिकामा काम गर्न सक्ने भएकाले यसप्रति आकर्षण बढेको देखिन्छ ।

तर, अर्कोतर्फ कानुनी व्यवस्था, भाडादर निर्धारण, यात्री सुरक्षा र चालकको दायित्वजस्ता विषयमा अझैं स्पष्ट नीति आवश्यक रहेको सरोकारवालाहरूको भनाइ छ । यातायात व्यवसायीहरूले भने परम्परागत ट्याक्सी र सार्वजनिक सवारीमा नकारात्मक प्रभाव परेको गुनासो गरेका छन् ।

विशेषज्ञहरूका अनुसार उचित नियमन र प्रविधि सही प्रयोग भएमा राइड-हेलिङ सेवाले नेपालको सहर यातायात व्यवस्थापनमा सकारात्मक परिवर्तन ल्याउन सक्नेछ ।

**। सम्पादकीय ।**

# धनजनको क्षतिले देश समृद्ध नहुने

निर्वाचनलाई सफल बनाउने या नबनाउने भन्ने कुरा विशेषत: राजनीतिक दलहरूको हातमा हुन्छ । निर्वाचन भड्काउने, असफल पार्ने प्रयास सरकार र सुरक्षाकर्मीबाट होइन राजनीतिक दलहरूमध्ये बाटै हुन्छ । सरकार, निर्वाचन आयोग र सुरक्षाकर्मीबाट निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र स्वतन्त्र बनाउने वातावरण तयार गर्ने हो; निर्वाचनमय बनाउने हो । निर्वाचन घोषणा गरेर मिति तिथिसमेत निर्धारण भइसकेको स्थितिमा प्रतिनिधिसभा पुन:स्थापनाका लागि एमाले र नेकाका सांसदहरू लाग्नु समय सान्दर्भिक होला कि नहोला ? राजनीतिक वृत्तमा चर्चाको विषय छ ।

यो सरकार संविधान अनुकूल बनेको होइन; यसमा सन्देह छैन । तर, यो सरकार गठनमा नेका र एमालेको हात छैन भन्न सकिँदैन । नेका र एमालेका नेताहरूको परामर्शमा राष्ट्रपतिको सिफारिसमा यो सरकार गठन भएको हो । संवैधानिक या असंवैधानिक जे भनिए पनि सरकार गठन त्यो बेलाको आवश्यकता थियो । देश सरकारविहीन हुँदैन । प्रधानमन्त्रीसमेतले राजीनामा दिइसकेपछि नयाँ सरकार गठन नगरी सुख पनि छैन । लामो समयसम्म सरकार नहुँदा देशको स्थिति के होला ? चिन्ताको विषय छ । भदौ २४ गतेको आन्दोलन अझ लम्बिएको भए कतै देश खरानी त हुने होइन ? त्यसबेला के शान्तिकामी जनता तोडफोड र आगो जलेको टुलुटुलु हेरेर बस्ने ? देशको सारा भौतिक सम्पत्ति नष्ट भएपछि कार्यालयमा रहेको कागजात जलेपछि देश कतातिर जाला ? देश कसको हातमा जाला ? भएभरका प्रमाणका कागजात नष्ट भएपछि जनताको सम्पत्ति कसरी जोगिएला ? के यो अर्को चिन्ताको विषय होइन ?


सरकार र निर्वाचन आयोगले नयाँ विर्वाचित सरकार गठनको लागि बाटो खोलेको बेला राजनीतिक दलहरू त्यसमा जुट्नुपर्छ । जेन-जी आन्दोलनको कारण शासक दलहरूमा नकारात्मक असर पर्ला कि भनी सोच्नु बुद्धिमानी हुनेछैन । निर्वाचन प्रयोजनको निम्ति भएको नयाँ दल दर्ता र दलहरूबिच भएको एकताले शासक दलहरूमा चिन्ता छायो कि ! शासक दलहरूले सरकारको नेतृत्व गर्दा जनमुखी काम गरेनन्; जनताका माग पूरा गरेनन् भने सरकारको विरोध गर्नु या सरकारप्रति असन्तोष पोख्नु स्वाभाविक हो । नेका र एमालेका संस्थापक नेताहरूप्रति आफ्नै दलका नेताहरूको असन्तोष, निर्वाचनको सन्दर्भमा एउटा दलबाट अर्को दलमा पार्टी नेता तथा कार्यकर्ताहरूको प्रवेश, जेन-जी आन्दोलन र विदेशी तत्त्वहरूको घुसपैठ आदि शासक दलहरूमा देखिएका चुनौतीहरू हुन् ।

प्रतिनिधिसभाका बहुमत सांसदको हस्ताक्षरसहित अदालतमा जाने नेका र एमालेका पूर्वसांसदहरूको हस्ताक्षर अभियान या चलखेलले निर्वाचनलाई उपहास बनाएको देखिन्छ । पुस ३ गतेको 'नयाँ पत्रिका' दैनिकमा 'बहुमत सांसदको हस्ताक्षरसहित जाँदा अदालत दबाबमा पर्ने' हो कि भन्ने विश्लेषणात्मक समाचार छापियो । संसद् पुन:स्थापना गर्ने सन्दर्भमा नेकाका नेताहरू विभाजित छन् । नेकाका सचेतक सुशील थिङ्ले 'काङ्ग्रेसमा बहुमतको हस्ताक्षर भइसक्यो; हामी संसद्कै बहुमत पुऱ्याउने गरी अघि बढेका छौँ' भनेका छन् भने यता नेकाको गगन पक्षका नेताहरू नेकाले संस्थागत निर्णय नगरेको हुँदा हस्ताक्षर गर्ने पक्षमा नरहेको बताउँछन् । एमालेले त संस्थागत निर्णय गरेर नै संसद् पुन:स्थापनाको मुद्दा उठाएको छ ।

जेन-जी आन्दोलनको कारण सरकार ढलेर नयाँ गठन भएको अवस्थामा मानौँ अदालतले प्रतिनिधिसभा पुन:स्थापनामा गऱ्यो भने कसको नेतृत्वमा सरकार बनाउने भन्नेबारे प्रश्न उठ्छ कि उठ्दैन ? बहुमतको आधारमा नेका या एमाले या नेका र एमाले नै मिलेर सरकार बनाइयो भने जेन-जीले स्वीकार्छ या स्वीकार्दैन ? बहुमतको आधारमा बहुमतले जे पनि गर्छ; अरुको मतलब छैन भनी ठुला दलका नेताहरूले अहङ्कार देखाएमा फेरि देशको राजनीतिमा आँच पुग्ने त होइन ? फेरि जेन-जी या अरु कसैले आन्दोलन चर्कायो भने देशमा असहज स्थिति उत्पन्न भयो भने को जिम्मेवार हुने ? के देशले सधैँ धनजनको क्षति मात्रै हेरेर बस्ने ? के धनजनको क्षतिले देश समृद्ध हुन्छ ? के जनता सुखी हुन्छन् ? एवंतरिकाले शासक दलहरूको अहङ्कारले देशमा तोडफोड र आगजनी हुँदै गयो भने के देशको अर्थतन्त्र ध्वस्त हुँदैन ? के देशमा आर्थिक सङ्कट देखापर्दैन ? के देशमा भोकमरी देखापर्दैन ? सत्ताको निम्ति केन्द्रित राजनीतिले विदेशी हस्तक्षेप बढ्न बेर लाग्दैन; विदेशी हस्तक्षेप भयो भने नेपालको स्वाधीनता र सार्वभौम देशमा असर पर्छ । यसबारे शासक दलहरू गम्भीर, सचेत र चनाखो हुनुपर्छ । आफ्नो दलगत स्वार्थको निम्ति देश र जनतालाई छायाँमा राख्ने काम सही होइन । सरकारको नेतृत्व गर्न पाएपछि सबथोक पूरा भएको ठान्नु नै ठुला दलका नेताहरूको कमजोरी हो । आफ्नो सरकार ठम्याउन नसक्ने दलले भएको सरकार ढाल्ने र देश ठप्प पार्ने जस्ता यस्तै अहङ्कार र चेतावनीले गर्दा नै देश सङ्कटको घडीमा पुगेको हो; देश ऋणमा डुबेको हो; देश भ्रष्टाचारको सूचीमा परेको हो; बेथितिको देश बनेको हो; विकासशील देश पनि नबनेको हो; देश परनिर्भर भएको हो ।

# सर्वहारावर्गका महान् नेता जे.भी. स्तालिनको सङ्क्षिप्त चर्चा

रुसी पात्रोअनुसार ६ डिसेम्बर १८७९ को दिन जारकालीन रुसको काकेसिया प्रान्तको तिफलिस अञ्चलको दिदिलियो भन्ने गाउँमा एक सार्की परिवारमा जे.भी. स्तालिनको जन्म भएको थियो । उहाँको पूरा नाम जोसेफ विसारियोनोविच स्तालिन हो । तिफलिस रुसको दक्षिण-पश्चिम क्षेत्र ककेशियाको एक अञ्चल हो । उहाँको बाल्यकालको नाम शोशो थियो । उहाँकी आमा एकातेरिनाले उहाँलाई एक धार्मिक पाठशालामा भर्ना गरिदिनुभयो । शोशोलाई एक वर्षको उमेरमै पितृशोक पऱ्यो । आर्थिक अवस्था बिग्रन थालेको हुँदा आमा छोरा लुगा सिएर जीवन निर्वाह गर्न थाल्नुभयो । शोशोकी आमाले उहाँलाई फेरि अर्को धर्मशास्त्रको विद्यालयमा भर्ना गरिदिनुभयो किनभने शोशोकी आमा छोरालाई पादरी बनाउन चाहनुहुन्थ्यो । त्यसबेला रुसमा समाजवादी विचार फैलिरहेको थियो । शोशो पढ्ने स्कूलमा पनि समाजवादी र क्रान्तिकारी कुरा गर्ने एक विद्यार्थी सङ्गठन थियो । उनीहरू गोप्य अध्ययन गर्दथे । शोशो पनि त्यसै भूमिगत सङ्गठनमा भर्ना भई अध्ययन गर्न थाल्नुभयो ।



१८ वर्षको उमेरमा शोशो जर्जियाली समाजवादी जनवादी मजदुर पार्टीको सदस्य हुनुभयो । त्यहाँ उहाँले मार्क्सवादको गहिरो अध्ययन गर्नुभयो । यसैबिच शोशोले नरोदनिकवादको विरोधमा लेख्नुभएको लेनिनको कानुनी मार्क्सवादको गहिरो अध्ययन गर्नुभयो । यसैबिच शोशोले नरोदनिकवादको विरोधमा लेख्नुभएको लेनिनको 'कानुनी मार्क्सवादको र अर्थवाद' भन्ने लेख पढ्नुभयो । त्यसबाट साऱ्है प्रभावित भएर उहाँले लेनिनसँग सम्बन्ध राख्ने विचार गर्नुभयो ।

त्यसबेला रुसका जार (राजा) ले जनतालाई साऱ्है अत्याचार गरी चुस्थे । छिमेकी देशमा पनि सधैँ धावा बोल्थे र कमजोर देशलाई खान्थे । देशका गरीब जनताकै सन्तानहरू सिपाही बनाई लडाइँमा मार्न लगिन्थ्यो । यस्तो सरकारलाई त्यहाँका जनताले मन पराउँदैनथे । कार्ल मार्क्सको किताबमा शोषक जारले कसरी जनतालाई शोषण गर्छ भन्ने कुरा लेखिएको थियो । त्यसकारण, शोशो मार्क्सको किताब खोजी खोजी पढ्नुहुन्थ्यो । यसरी अध्ययन गर्दै उहाँले रेल मजदुरहरूले गोप्य सङ्गठनबाट कम्युनिस्ट शिक्षा पनि पाउनुभयो । शोशोको गतिविधिसँग सशङ्कित जारले उहाँको घरमा छापा माऱ्यो र स्कूलबाटै निकाला गऱ्यो । शोशो झन् दृढ हुनुभयो । उहाँ आफ्नो सिद्धान्तको लागि त्यागी भएर झन् ठुलठुला आन्दोलनमा हाम फाल्न थाल्नुभयो ।



किशोरावस्थामा स्तालिन

१९०१ मा अन्तर्राष्ट्रिय मजदुर दिवस (मई दिवस) को एक ऐतिहासिक जुलुसको नेतृत्व स्तालिनले गर्नुभयो । जारले स्तालिनलाई पक्राउ पुर्जी काट्यो । स्तालिन भूमिगत हुनुभयो । यसपछि उहाँ पेशेवर क्रान्तिकारी कार्यकर्ता बन्नुभयो । उहाँले आफ्ना मित्रहरूसँग मिली एउटा गोप्य छापाखाना खोल्नुभयो र 'सङ्घर्ष' भन्ने पत्रिका निकाल्नुभयो । स्तालिन पत्रिका मात्र चलाई पार्टी चलेको ठान्नुहुन्नथ्यो । उहाँ सधैँ आन्दोलन र सङ्गठन विस्तारमा जोड गर्नुहुन्थ्यो । १९०२ जूनमा उहाँले कारखानाहरूमा हडतालको अगुवाइ गर्नुभयो । यो आन्दोलन आफूलाई वामपन्थी दाबी गर्ने तर चुप लागेर बस्नेहरूलाई एक झापट थियो । उहाँ यसै अभियोगमा बाकुको जेलमा पर्नुभयो । जेलमा पनि उहाँले गुप्त ढङ्गले क्रान्तिकारी गतिविधि चालु राख्नुभयो ।

स्तालिनलाई १९०३ मा कालापानीको जेल सजाय दिइयो । लेनिनको पत्र पाएपछि जनवरी १९०४ मा उहाँ कालापानीबाट भाग्नुभयो । अनि जनताको माझ गएर सशक्त सङ्गठन गर्नुभयो । उहाँ आफ्नो सङ्गठनका साथीहरूलाई उत्ताउलो विचार लिएर हिँड्ने कदम गलत हो भनी सम्झाउनुहुन्थ्यो । चर्को नारा दिएर जनतालाई धोका दिनुहुन्न भन्ने उहाँको विचार थियो । उहाँ आफ्ना साथीहरूलाई लेनिनको 'एक पाइला अगाडि, दुई पाइला पछाडि' भन्ने किताबको अध्ययन गर्न सुझाव दिनुहुन्थ्यो ।

१९०५ जनवरी ९ आइतबारको दिन ग्यापोन नाम गरेका मजदुर आन्दोलनभित्र घुसेका सरकारी दलालको नेतृत्वमा आन्दोलन सुरु भयो । जारले त्यो आन्दोलन दबाउन बन्दुक र पल्टन प्रयोग गऱ्यो । धेरै मजदुरहरू मरे । त्यसलाई 'रुसको आइतबारे हत्याकाण्ड' भनिन्छ । यो हत्याकाण्डपछि सरकारी एजेन्टहरूले सरकारसँग सम्झौता गरे । स्तालिनले त्यसलाई घृणा गर्नुभयो । त्यसबेला सामाजिक जनवादी मजदुर पार्टी दुई गुटमा विभाजित थियो । क्रान्ति गर्न चाहनेहरू बहुमतमा थिए । रुसी भाषामा बहुमतलाई 'बोल्शेविक' भनिन्छ । अल्पमत गुटलाई रुसी भाषामा मेन्शेविक भनिन्छ । मेन्सेविकहरू सम्झौतावादी थिए । त्यो पार्टीमा पुँजीपतिवर्गको नेतृत्व थियो । आइतबार हत्याकाण्डको विरोधमा बदला लिन बोल्सेविक पार्टी हातहतियार लिई उठ्यो । त्यसैबेला लण्डनमा पार्टीको तेस्रो महाधिवेशन भयो । मेन्सेविकहरूको महाधिवेशन जेनेभामा भयो । मेन्सेविकहरूले पुँजीवादी क्रान्ति गर्ने नीति स्वीकार गरे । यसबेला क्रान्ति चर्को रूपमा अगाडि बढिरहेको थियो । तसर्थ, बोल्शेविकहरूले रुसी विधायिका 'ड्युमा' लाई बहिष्कार गरे । १९०५ मा स्तालिन फिनल्यान्ड जानुभयो । त्यहाँ उहाँले लेनिनसँग भेट गर्नुभयो । उहाँहरूले आफ्ना सफलता र असफलताबाट पूर्ण ज्ञान हासिल गरी कानुनी र गैरकानुनी सङ्घर्ष गर्नुपर्ने नीति तयार गर्नुभयो । १९०३ अप्रिलतिर स्वीडेनमा पार्टीको चौथो महाधिवेशन भयो । त्यसमा स्तालिनले सक्रिय रूपले भाग लिनुभयो । त्यसबेला त्यहाँ प्रिन्स क्रोपाटकिनको अराजकतावादी विचारहरू फैलिरहेको थियो । त्यस खोटो विचारको खण्डन गर्दै स्तालिनले 'अराजकतावादी वा समाजवाद' लेख लेख्नुभयो । १९०८ मा स्तालिन पक्रिनुभयो र आठ महिना जेलमा थुनिनुभयो । त्यसपछि उहाँ निर्वासित हुनुभयो तर १९०९ जूनमा उहाँ बाकुमा पुग्नुभयो । १९१० मा उहाँ पुन: पक्रिनुभयो र ६ महिना थुनिनुभयो । तर, जेलमा उहाँ चुप लागेर बस्नुभएन । उहाँले थुप्रै पुस्तकको गहिरो अध्ययन गर्नुभयो ।

१९१२ मा चेकोस्लाभाकियामा भएको छैठौँ सम्मेलनले खुला तर गोप्य र कानुनी तथा गैरकानुनी सङ्घर्ष गर्ने नीति लिँदै पुराना उत्ताउला विचारहरूको विरोधी भावना सशक्त बनाउँदै पार्टीलाई रुसी समाजवादी प्रजातान्त्रिक मजदुर पार्टी ( बोल्शेविक) नाउँ दिने निर्णय गऱ्यो । त्यहीबाट लेनिनको नेतृत्वमा स्तालिनसहितको केन्द्रीय समिति गठन भयो । यसैबिच सुनखानीका ५०० मजदुर मारिएको विरोधमा स्तालिनले ८ लाख ५० हजार मजदुरको हडतालको नेतृत्व गर्नुभयो । सङ्घर्षशील भावना मजदुरहरूमा जाग्दै गयो । उहाँले यस्तो स्थितिमा प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घहरूमा पनि भाग लिएर क्रान्तिलाई सघाउन सकिन्छ भन्ने नीति लिँदै चुनावलाई पनि उपयोग गर्नुपर्छ भनी प्रचार गर्न लाग्नुभयो । उहाँ भन्नुहुन्थ्यो, यस्ता सङ्घर्षहरू सशस्त्र सङ्घर्षको तयारीको लागि उपयोगी हुनसक्छन् । त्यसैबेला लेनिनको निर्देशनमा 'प्राब्दा' (सत्य) भन्ने पत्रिका प्रकाशित हुन थाल्यो ।

१९१४ मा सुरु भएको साम्राज्यवादी युद्ध (प्रथम विश्व युद्ध) मा रुस हार्दै गयो । युद्धको क्षतिपूर्ति दिन राजा जारले जनतामा कर थोपरिदिए । यसले गर्दा जन असन्तोष फैलिँदै गयो । युद्धको विरोध गर्न १९१७ जनवरीमा एक विशाल जुलुस भयो । जुलुसको नारा थियो - 'युद्ध मुर्दावाद !' 'राजतन्त्र मुर्दावाद !' 'हामीलाई रोटी देऊ !' २६ फेबुअरीदेखि ती आन्दोलनहरू झन् चर्किँदै गए । मजदुरहरू पुलिसको हातहतियार खोसेर लड्न थाले र राजनैतिक हडतालहरू विद्रोहमा फेरिए । बोल्शेविकहरूले नारा दिए - 'जार सरकार पल्टाइ देऊ ! अस्थायी सरकार गठन गर !' यी नारा सुनेर जार आगो भयो । उनले नि:शस्त्र जनतामाथि गोली हान्ने आदेश दिए तर सेनाले गोली चलाउन मानेन । २७ फेब्रुअरीको दिन ३० हजार सेना जनताको पक्षमा सामेल भए तथा मजदुर र सिपाही मिलेर जारका मन्त्रीहरूलाई गिरफ्तार गरे । क्रान्तिकारीहरूलाई जेलबाट मुक्त गराइए । मजदुरवर्ग लडाइँमा उत्रे । जारतन्त्र पल्टियो । तर, मजदुरले सत्ता भने पाएनन्, पुँजीपतिहरूको पार्टीले सत्ता कब्जा गऱ्यो । त्यसलाई फेब्रुअरी क्रान्ति भनिन्छ । स्तालिन कालापानीबाट फर्किनुभयो । लेनिन पनि निर्वासनबाट फर्किनुभयो । बोल्सेविक पार्टीको बैठकले पुँजीवादी क्रान्तिलाई समाजवादी क्रान्तिमा बदल्ने नीति स्वीकार गऱ्यो किनभने जनताले चाहेको वास्तविक व्यवस्था प्राप्त भएको थिएन । यसै वर्ष १८ जूनका दिन लेनिन र स्तालिनको निर्देशनमा पेट्रोग्राडका ४ लाख मजदुरले जुलुस प्रदर्शन गरे । प्रदर्शनकारीहरूमाथि पुँजीवादी सरकारले गोली चलायो । लेनिनलाई राजद्रोही मुद्दा लगाइयो । लोकप्रिय नेताहरूलाई यस्तो अभियोग लगाएको देखेर व्यापक जनता उठे । सङ्घर्षले चर्को रूप लियो । स्तालिनको नेतृत्वमा सरकारी अड्डा र अफिसहरू कब्जा गरिए । पेट्रोग्राडका सिपाहीहरूले पुँजीवादी सरकारका मन्त्रीहरूलाई नै पक्रे । देशका धेरै भाग जनताको कब्जामा गयो । पुँजीवादी सरकार पनि पल्टियो । सन् १९१७ अक्टोबरको त्यस क्रान्तिलाई रुसी अक्टोबर समाजवादी क्रान्ति भनिन्छ । लेनिनको अध्यक्षतामा नयाँ मन्त्री परिषद्को गठन भयो । ठाउँ-ठाउँमा समाजवादी क्रन्तिका विरोधीहरू जनतालाई धोका दिन उठे । तर, स्तालिनले ती सबैलाई दबाब छाड्नुभयो । लेनिनले त्यसबेला उहाँलाई 'लाल झन्डा' पदवी दिनुभयो । पहिलोपल्ट लेनिन र स्तालिनले लाल सेना स्थापना गर्नुभयो । स्तालिन १९२२ मा पार्टीको महासचिव चुनिनुभयो ।

१९२४ जनवरी २१ का दिन लेनिनको निधन भयो । उहाँको निधनले विरोधीहरू फेरि उठ्न थाले । बुखारीन र त्रोत्स्कीजस्ता संशोधनवादी कम्युनिस्टले समाजवादी क्रान्तिलाई नै ध्वस्त पार्ने निहुँले धेरैपल्ट गडबडी मच्चाए । तर, स्तालिनले सबैलाई असफल पार्नुभयो । उहाँको कुशल नेतृत्वमा कृषिमा आधारित रुस विकसित औद्योगिक देशमा परिणत भयो । १९४१, २२ जूनको दिन जर्मनीले रुसमाथि अचानक धावा बोल्यो । हिटलरको साम्राज्यवादी नीतिको विरोधमा स्तालिन अगाडि रहनुभयो । लडाइँमा स्तालिनका छोरालाई हिटलरले पक्राउ गरे । हिटलर स्तालिनका छोरासँग आफ्ना सेना र गुप्तचरहरू साट्न चाहन्थे । तर, उहाँले आफ्नो छोराको ज्यानभन्दा देशलाई नै प्रेम गर्नुभयो । अत्याचारी हिटलरले स्तालिनको छोरालाई मारिदिए । रुसी सेनाले जर्मनीको ३ लाख सेनालाई घेरामा पाऱ्यो । आक्रमणमा परी जर्मनीको हार भयो । लाल सेनाको विजयले बर्लिन पतन भयो । रुसको पनि अपार धनजनको नाश भयो । यसरी पूर्व जर्मनी र पश्चिमी जर्मनी दुई खण्डमा विभाजित भयो । स्तालिनको सबल नेतृत्वमा रुस साम्राज्यवादविरोधी शक्तिमा फेरियो ।

स्तालिनले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको संरक्षकको भूमिका खेल्नुभयो । यस्तो सबल नेतृत्व १९५३ को मार्च ९ का दिन समाप्त भयो । महान् नेता स्तालिन सदाको लागि सुत्नुभयो । स्तालिन साम्राज्यवादीहरूका लागि आँखाको धुलो हुनुहुन्थ्यो । त्यसैले, सबै साम्राज्यवादी दलालहरू उहाँको विरोध गर्दथे/गरिरहेका छन् । सोभियत कम्युनिस्ट पार्टीभित्र घुसेका संशोधनवादीहरूले १९५३ को बीसौँ महाधिवेशनमा ठुलो वैचारिक सङ्घर्ष गरे । शोषकवर्गका हिमायतीहरूले पार्टीको नेतृत्व हत्याएर मार्क्सवाद लेनिनवादविरोधी नीति लिए । उनीहरूले व्यक्तिपूजाको विरोध गरेको नाउँमा महान् स्तालिनलाई नै विरोध गरे । यस्तो परिस्थितिमा मार्क्सवाद र लेनिनवादको रक्षा गर्ने अन्तर्राष्ट्रिय कर्तव्य महान् नेता माओ त्सेतुङले निभाउनुभयो ।

***स्रोत : दबु (जीवनी अङ्क) बाट***

# जारशाही संसद्मा बोल्शेभिक सांसद – ४६

● ए. बादायेभ

कोज्लोभलाई भने सामाजिक बीमासम्बन्धी पत्रिका प्रशासनलाई सरसल्लाहका लागि बोलाएको बताएँ। कामेनेभबारे सोध्दा उनले 'प्राभ्दा' मा लेख लेखिरहने हुनाले पत्रिकाकै कार्यालयमा उनीसँग भेट भएको बताएँ। सबैभन्दा अप्ठ्यारो प्रश्न फर्जी पासपोर्टको थियो। अर्कै नामको पासपोर्ट कसरी आयो भन्दा मैले मजदुरहरूले मसँग संसद् भवनको ग्यालरीमा जानका लागि पासपोर्ट दिएर अनुरोध गर्ने गरेको बताएँ। कहिलेकाही व्यक्तिले माग्न नआउँदासम्म लामो समय यी कागजात मसँगै हुने भनेँ। मसँग भेटिएको पासपोर्टको खेल त्यही टुङ्गियो। तर, सोधपुछ अधिकारी सन्तुष्ट भएन। तर, त्यसबारे उसले मबाट केही फुत्काउन सकेन।

पेत्रोभ्स्कीले पनि यही रीतले जवाफ दिए। उनले आफूलाई निम्तो दिने व्यक्तिको नाम भन्न अस्वीकार गरे। उनले सांसदहरू र कामेनेभलाई बाहेक गाभ्रिलोभको घरमा कसैलाई नचिनेको बताए। आफूबाट प्रहरीले बरामद गरेका सबै दस्ताबेजहरू केही हुलाकबाट र केही अज्ञात व्यक्तिबाट पाएको बताए। युद्धबारे थेसिसमा सच्याएको अक्षर आफ्नै भएको र त्यसो गर्न आफूलाई एक अज्ञात व्यक्तिले भनेको उनले बताए। यही सच्याएका बुँदाको आधारमा आफूले सदनमा बोल्ने तयारी गरेको उनले बताए। आफूसँग भएका सामग्रीको आधारमा युद्धसम्बन्धी आफ्नो धारणा अनुमान लगाउन नमिल्ने उनले बताए।

सामोइलोभले गाभ्रिलोभको घरमा मानिसहरू संयोगले भेटेको बताए। कतिपय व्यक्तिले आफ्ना सांसदलाई भेट्न आएका थिए भने। धेरै प्रश्नको जवाफ उनले बताउनै परेनन्। विदेशमा उपचार गराउन गएको हुनाले आफ्नो अनुपस्थितिमा केके भयो, त्यो थाहा नभएको उनले बताए।

कामेनेभले आफूले मजदुरहरूको पत्रिकामा लगातार लेखिरहेको र पत्रिका बन्द भएपछि त्यसको पुन: प्रकाशनका लागि कुराकानी गर्न त्यो घरमा आएको बताए। पेत्रोभ्स्कीको घरमा जान डर लागेको हुनाले तेस्रो व्यक्तिकहाँ भेट्न सजिलो हुनाले त्यहाँ गएको उनले बताए। कुराकानी त्यही दिनमा सीमित भएको र कुनै भेला वा निर्णय नगरेको बताए। सारमा काभेनेभले आफूसँग भेटिएको दस्ताबेजमा अभिव्यक्त युद्धसम्बन्धी विचारमा आफ्नो विमति रहेको बताए।

हामीसँगै पक्राउ परेका आन्तिपोभ, कोज्लोभ, भोरोनिन, याकोभ्लेभ, लिन्दे र श्रीमती गाभ्रिलोभले पनि झन्डै एवम्रितले बयान दिए। सबैले आ-आफ्नै शैलीमा कारण पेस गरे र आ-आफ्नै कामले सेन्ट पिटर्सबर्ग आएको बताए। त्यो घरमा भेट हुनुलाई उनीहरूले संयोग मात्र बताए। खासमा आफू आफ्ना सांसदहरूलाई भेट्न आएको बताए।

मुरानोभ एकदम सकसमा परे। उनको नोटबुकमा उनकै हस्ताक्षरमा पार्टीका गैरकानुनी गतिविधिका टिपोटहरू थिए। त्यो नोटबुक आफ्नो होइन भन्ने बाटै थिएन। यसकारण, उनी मौन बसिरहे र थप कुनै प्रमाण दिन अस्वीकार गरिरहे।

हामी सबैलाई एक्लाएक्लै पारेर सोधपुछ गरियो। पहिलो भेटपछि हामीलाई अलग अलग अधिकृतकहाँ पठाइयो। कारागारमा पनि हामी एकअर्कासँग कुरा गर्न पाउँदैनथ्यौँ। अर्को साथीले के भन्यो भन्ने थाहा पाउने कुनै उपाय थिएन। प्रारम्भिक छानबिन पूरा भएपछि मात्र हामीलाई आफूमाथि लगाइएको आरोपसम्बन्धी सामग्री हेर्न दिइयो। बल्ल हामीले सबैका जवाफहरू थाहा पायौँ।

प्रारम्भिक छानबिन तीव्रगतिमा अगाडि बढेको थियो। परिस्थिति अनुकूल हुनाले सरकार मुद्दाको काम छिटोछिटो टुङ्ग्याउन चाहन्थ्यो। हाम्रो पक्राउ र मुद्दा नियोजित थियो। त्यसकारण, मसिनो छानबिन गर्न आवश्यक थिएन। अधिकृत र सरकारी वकिलको काम खोसिएका दस्ताबेजहरूका आधारमा मुद्दाको मजबुन लेख्नुमा सीमित थियो। हामीलाई दिइने सजाय पहिल्यै टुङ्गो लागिसकेको थियो।

डिसेम्बरको अन्त्यसम्म हामीलाई ६ महिना कैदमा राखेपछि प्रारम्भिक छानबिन पूरा भयो। हामीलाई पनि छानबिनका लागि अधिकृतले बोलाए। हामीलाई छानबिनको निष्कर्ष सुनाउनको लागि बोलाइएको थियो। लामो अन्तरालपछि हामीले एकअर्कालाई भेट्यौँ। मुद्दाप्रति हामीले कस्तो व्यवहार गर्ने भन्ने विषयमा हामीले आपसमा एउटै मत बनायौँ। प्रारम्भिक छानबिनको निष्कर्ष निकै लामो थियो। त्यसमा हामीबाट खोसिएका सबै दस्ताबेज, सामग्री, प्रहरीले बटुलेको जानकारी, युद्धको क्रममा सेन्ट पिटर्सबर्गमा जारी गरिएका विभिन्न पर्चा र हाम्रो समूह क्रान्तिकारी गतिविधिमा लागेको प्रमाणित गर्न सक्ने अन्य धेरै दस्ताबेजको चर्चा थियो। यी कागजातको वाचन सुन्दैमा केही दिन बिते।

घटनाको स्थिति बुझिल्याउँदा हामीलाई कोर्ट मार्शल गरिने सम्भावना स्पष्ट हुँदै गयो। बाहिर रहेका हाम्रा साथीहरूले पनि त्यस्तै सोचेका थिए। उनीहरू निकै चिन्तित थिए। अधिवक्ताहरूको मद्दतले उनीहरू घटनालाई सामान्य मुद्दामा परिणत गर्न प्रयत्नशील थिए।
छापा मारिएको स्थान ओज्योर्की सैन्य कानुन घोषणा गरिएको जिल्लामा पर्थ्यो। सैनिक कानुनअनुसार नै गाभ्रिलोभ परिवारको घरमा छापा मारिएको थियो। यसकारण, कानुनी रूपमै हामीलाई कोर्ट मार्शल गर्न सकिन्थ्यो। सरकारका लागि पनि मौकामा चौका थियो। देशद्रोहको मुद्दा लगाएर उसले सदाका लागि हाम्रो समूहलाई ठेगान लगाउन सक्थ्यो।

यसकारण, हाम्रो मुद्दालाई सामान्य मुद्दामा झार्ने सरकारको निर्णयले हामी तीनछक्क पर्‍यौँ। कानुनअनुसार आरोपीहरूलाई आफूविरूद्ध दायर मुद्दाका प्रमाण केके छन् भनेर हेर्ने अधिकार थियो। हामीले एकआपसमा भेटघाट गर्न र प्रतिरक्षाका लागि एउटै धार कोर्नका लागि यो अधिकारलाई उपयोग गर्‍यौँ। दोस्रोपल्ट हामीले ती प्रमाण पढिरहेकै बेला हामीले थाहा पायौँ, राजाको 'परमादेश' ले हाम्रो मुद्दालाई सैन्य अदालतबाट सामान्य अदालतमा सारिएको थाहा पायौँ। हाम्रो मुद्दा अब पेत्रोग्राद हाइकोर्टको विशेष शाखाले हेर्ने भयो।

सरकारको योजनामा आएको आकस्मिक परिवर्तनको कारण के थियो ? यसको कारण देशको बदलिँदो परिस्थिति थियो। रूसी सेनाले धेरै ठाउँमा पराजय व्यहोर्नुपरेको थियो। सेनाको हालत एकदम खस्केको हल्ला व्यापक थियो। देशको बडाराष्ट्र अहङ्कारी माहोलमा चिरा पर्न थालेको थियो। कमजोरै भए पनि मजदुर आन्दोलन पनि बिस्तारै उठ्ने सङ्केत देखिँदै थियो। बेलाबेला आर्थिक हडताल भइराखेका थिए। सन् १९१५ को जनवरीमा केही जिल्लामा राजनीतिक हडताल नै भए। मजदुर सांसदहरूलाई दण्ड सुनाइरहँदा जनताबिच देशभक्तिको गीत गुञ्जिने सरकारको अपेक्षा अब साकार हुन गाह्रो थियो।

यी कुराहरूलाई ध्यान दिएर निकोलस द्वितीयले 'दयापूर्ण' आदेशमा हस्ताक्षर गरेका थिए। यसरी मजदुर सांसदहरूलाई गोली ठोक्ने सुरूको योजनाबाट सरकार पछि हट्नुपर्‍यो।

मुद्दा सुरु हुनुभन्दा ठीक अघि सेन्ट पिटर्सबर्ग समितिले एक वक्तव्य जारी गर्‍यो। त्यसमा मजदुरहरूलाई सरकार पछि हट्नुको कारण खुलस्त बताइएको थियो, "मजदुर सांसदहरूलाई मुद्दा चलाइँदै छ। सुरुमा सरकारले उहाँहरूमाथि देशद्रोहको आरोप लगाउने तयारी गरेको थियो र पत्रिकाहरूमा यही लाञ्छनाको प्रचार गर्दै थियो। तर, तिनीहरू विफल भए। उनीहरूले उहाँहरूलाई सैन्य अदालतको कठघरामा उभ्याउन चाहन्थे। तर, वर्तमान हत्यारा सत्ताका अधिपति र निर्देशकहरूले मन्त्रीहरूलाई मूर्ख भन्दै मजदुरहरूका प्रतिनिधिहरूलाई कोर्ट मार्शल गर्नुको अर्थ आफ्नै हातले सर्वत्र असन्तुष्टिको रोपाइँ गर्नु हो भने।"

मुद्दाको समय आउँदासम्म सरकारले सावधानीपूर्वक फैलाएको 'देशद्रोह', 'षड्यन्त्र' आदिको कुहिरो धेरै हदसम्म फाटिसकेको थियो। मुद्दाबारे समाचार लेख्ने पत्रपत्रिकाले पनि सत्य कुरा लुकाउन सकेनन्। मजदुर सांसदहरूलाई संसद्मा राजनीतिक गतिविधि गरेकै कारण मुद्दा चलाइएको लेख्न विवश भए। सुरुको बदनियत ब्युँताउन सरकारले आफ्नो कालासय प्रेसका बफादार कुकुरहरूको साङ्लो फर्काइदियो। तिनीहरूले जनताबिच आक्रोशको राँको बाल्न भुक्नु भुके। सबै कालासय पत्रपत्रिकाले 'अपराधीहरू' लाई कडाभन्दा कडा सजाय दिन माग गरे। यिनीहरूको गिरोहमा 'स्वयेत' (प्रकाश) जत्तिको नृशंस र निर्दयी कोही पनि थिएन।

'स्वयेत' ले बोल्शेभिक संसदीय समूहले पश्चिम युरोपका समाजवादीहरूको पाइलामा नहिँडेको आरोप लगायो। उनीहरूले 'जर्मन असर्फी' को कुरा त झिकिहाल्ने भए। बोल्शेभिकहरूविरुद्ध उनीहरूले लगाउने सबैभन्दा सामान्य आरोप यही थियो। कलम भाँच्चिने गरी गाली गरेपछि 'स्वयेत' ले लेख्यो, "यी उच्च पदमा बस्न अयोग्य नालायकहरू जर्मनीका कठपुतली हुन्। त्यसैले समाजवादको घातक शिक्षालाई आत्मसात गर्दै मालिकको सेवामा यिनीहरूले कत्ति पनि गल्ती गर्दैनन्। यिनले जर्मन एजेन्टहरूको प्रभावमा काम गर्छन् र ती एजेन्टले एकएक सिक्का असर्फीको हिसाब राख्छन्। समाजवादीहरू अन्य देशमा पनि छन्। तर, जताततै बेलायत, फ्रान्स र बेल्जियममा युद्ध घोषणा हुनेबित्तिकै उनीहरूले आन्तरिक सङ्घर्ष त्यागे र नजिकिँदो शत्रु जर्मन सैन्यवादविरुद्ध राष्ट्रिय मोर्चामा आबद्ध भए।

जर्मन समाजवादीहरूले समेत युद्धको बेला आफ्नो काल्पनिक समाजवाद परित्याग गरे र अहिले उनीहरू पुँजीवादी मित्रहरूले जस्तै व्यवहार गर्दै छन्। रुसी मजदुरहरूलाई मात्र सम्मानित संसद्का समाजवादीहरूले दुष्टहरूविरुद्ध अप्रतिकार र जुनसुकै हालतमा शान्तिको सिद्धान्त लागु गर्न सल्लाह दिँदै छन्। रुसी समाजवादीहरूले मात्र युद्धको बेला आन्तरिक अव्यवस्थाको धमिलो पानीमा माछा मार्न खोज्दै छन्।"

पत्रिकाले 'अनावृत षड्यन्त्रका नाइकेहरूलाई, विश्वासघात गर्नका लागि संसदीय उन्मुक्तिको पर्दापछाडि लुक्ने निर्लज्जहरूलाई कडाभन्दा कडा सजाय' माग गर्‍यो।

दुई वर्षसम्म सरकार र कालासय सांसदहरू बोल्शेभिक समूहको गतिविधि सहन बाध्य भएका थिए। उनीहरूले यो गतिविधिको लक्ष्य स्पष्ट थियो तर क्रान्तिकारी विस्फोट हुने भयले उनीहरू केही गर्न डराइरहेका थिए। अब फाल हानिसकेपछि उनीहरूले हामीलाई सिध्याउन कम्मर कसे। पार्टीको काम थियो मजदुरवर्गलाई उठाउनु; जतिसुकै कडा भए पनि दुईचार सजायले मजदुर आन्दोलनलाई रोक्न नसक्ने र ढिलोचाँडो मजदुरहरूले छेकबारमा शत्रुको सामना गर्नेछन् भनी सन्देश दिनु।

हाम्रो पार्टीले जोडतोडका साथ मुद्दाको तयारी गर्दै थियो। गुप्त प्रहरीले जतिसुकै निगरानी गरे पनि र पार्टीको कार्यकर्ता जमातमा जतिसुकै घुसपैठ गरेपछि सेन्ट पिटर्सबर्ग समितिले मुद्दाका सम्बन्धमा एउटा पर्चा जारी गर्‍यो। पर्चामा यस्तो लेखिएको थियो, "बितेका दुई वर्षको घटनाक्रम सम्झिनुहोस्। सदनमा मजदुरहरूको हकहितको पक्षमा को लड्यो ? उच्च अधिकारीहरूका गैरकानुनी हर्कतका सम्बन्धमा कसले मन्त्रीहरूसँग प्रश्न उठायो ? कारखानामा विस्फोट हुँदा कसले छानबिन गर्नुपर्ने माग राख्यो ? पीडित कामरेडहरूको निम्ति कसले चन्दा सङ्कलन गर्‍यो ? प्राभ्दा र प्रोलेतार्स्काया प्राभ्दा कसले प्रकाशित गर्‍यो ? युद्धमा लाखौँ जनताको हत्या र अङ्गभङ्गविरुद्ध कसले विरोध जनायो ? यी सबै प्रश्नको एउटै जवाफ हो - मजदुर सांसदहरू। यिनै क्रियाकलाप गरेको हुनाले तिनलाई कठोर श्रमशिविरमा पठाइँदै छ। आफ्ना सांसदरहरूको प्रतिरक्षा गर्नु मजदुरहरूको कर्तव्य हो। उदारवादीहरूले सरकारी मोजमज्जा भोग्छन्। त्रुदोभिकहरू र चखाइद्जेको समूह अचानक अन्धो र बहिरो बनेको देखिन्छ।...

त्यसो भए मजदुर सांसदहरूको रक्षा कसले गर्न सक्ला ? तिनैले मात्र सक्छन्, जसले तिनलाई चुनाव जिताएका थिए, तिनलाई समर्थन गरेका थिए। सर्वहारा जनताले मात्र विरोध प्रदर्शन गर्न सक्छन्। किनभने, उनीहरूले मात्र यो मुद्दा आफ्नो लागि गम्भीर विषय हो, मन्त्रीहरू, उदारवादीहरू र गोप्य प्रहरीले चाहेभैँ यो मुद्दालाई सजिलै अगाडि बढ्न दिइन्न।"

यो वक्तव्य जारी गर्नुभन्दा पहिले जनवरी ९ को वार्षिकीको अवसरमा केही पर्चा जारी भए। त्यसमा सांसदहरूलाई मुद्दा चलाएको विरोधमा नारा तय गरिएको थियो, "मजदुरवर्गले आफ्ना सांसदहरूलाई गरिएको यो अघोर अपमानविरुद्ध प्रदर्शन गर्नुपर्छ। मजदुरवर्गले आफ्नो सारा शक्तिलाई जोगाउनुपर्छ र एकै दिन पूरा बल लगाएर जोडदार रूपमा प्रस्तुत हुनुपर्छ।..."

थप केही जुझारु मजदुरहरूलाई पक्राउ गरेर गुप्त प्रहरीले मुद्दा चलाउने तयारी थाल्यो। तर, पार्टी समितिले कलकारखानाहरूमा सघन प्रचार कार्य गर्‍यो। मुद्दा सुरु हुनुभन्दा एक दिनअघि सेन्ट पिटर्सबर्ग समितिले जारी गरेको पर्चामा हडताल र विरोध प्रदर्शनको यसरी आह्वान गर्‍यो, "कामरेडहरू, कठघरामा मजदुरवर्ग उभिएको छ। मजदुरहरूले निर्वाचित गरेका सांसदहरू उभिएका छन्, जसले मजदुरहरूले भनेअनुसार काम गर्दै थिए।... बन्दुकको गर्जन र तरबारको झन्झटबिच सरकारले मजदुरवर्गको अर्को एउटा समूहलाई जिउँदै गाड्ने प्रस्ताव गर्दै छ।

मजदुर कामरेडहरू, शत्रुको हिसाबकिताब बिग्रेको साबित गरौँ। हाम्रा सांसदहरूलाई कठोर श्रमशिविरको सजाय दिने धम्की दिइरहेको यो सङ्गीन घडीमा हामी उनीहरूसँगै छौँ भनेर प्रमाणित गरौँ। आफूले चुनेका प्रतिनिधिहरूको रक्षाका लागि हामी लड्न तयार छौँ भनेर देखाइदिऔँ। आरोपीहरूप्रति हाम्रो ऐक्यबद्धता देखाइदिऔँ।

मजदुर कामरेडहरू, फेब्रुअरी १० को दिन हडताल गरौँ, सभा र प्रदर्शनहरू गरौँ, मजदुरवर्गलाई गिज्याउने जारशाहीविरुद्ध सङ्घर्ष गरौँ।..."

एकीकृत विद्यार्थी सङ्घले पनि सोही दिन पर्चा जारी गर्‍यो। क्रान्तिकारी विद्यार्थीहरूसँग 'सर्वहारावर्गको विरोधमा बैठक, हडताल र जुलुसमार्फत समर्थन गर्न' आह्वान गर्‍यो।

सेन्ट पिटर्सबर्ग समितिको पर्चा मजदुरहरूबिच वितरण गरियो। यसले तिनमा क्रान्तिकारी भावना जगाउने काम गर्‍यो। यो पर्चा गुप्त प्रहरीको टाउको दुखाइको कारण बन्यो। सैनिक कानुनअन्तर्गत धेरै अधिकार पाएको प्रहरीले मजदुरहरूबिच क्रान्तिकारी भावना बढ्न नदिने अनेक उपाय लगायो। मुद्दाको दिन सबै प्रमुख कलकारखानाहरूमा प्रहरीको बलियो पहरा देखियो। त्यस्तै, अदालत आसपासका सडकहरूमा प्रहरी दस्ताहरूको गस्ती चलिरह्यो।

यो चनाखोपनका कारण हडतालले ठुलो आकार लिन पाएन। तर, धेरै ठाउँमा हडताल भए। मजदुरहरूले अदालततिर जुलुस लैजान पटक-पटक प्रयास गरे। विद्यार्थीहरूको धेरै बैठक बस्यो र उनीहरूले विरोधमा निर्णयहरू गरे। प्रहरीको कडा दमनबिच दमित आक्रोशले मजदुरहरू आगो भइरहेको बेला बोल्शेभिकहरूको संसदीय समूहविरुद्ध मुद्दा सुरु भयो।

मजदुर सांसदहरूविरुद्ध मुद्दा चलिरहेकै बेला उदार पुँजीवादीहरूको मौनता तोडियो। इजलास बस्नुभन्दा ठीक अगाडि क्याडेटहरूले आफ्नो पार्टीको सदस्यलाई प्रतिवादीको पक्षमा लड्नबाट रोक्यो। युद्धप्रति हाम्रो धारणामा विमति राख्दै यस्तो निर्णय लिइएको उसको तर्क थियो। जारशाही सरकारले तयार पारेको कडा सजायलाई क्याडेटहरूले फैसला अगावै अनुमोदन गरे।

फेब्रुअरी १० को बिहानीपख मुद्दा सुरु भयो। एउटा भित्री गल्लीबाट हामीलाई सर्वोच्च अदालतमा लगियो र वकिलहरूको ठीकविपरीत कठघरामा उभ्याइयो। अदालतको जनता बस्ने हातामा भीड लागेको थियो। त्यहाँ जताततै हामीले आफ्ना नातागोता र साथीसङ्गतिका अनुहार देख्यौँ। कैयन् सांसदहरू उपस्थित थिए। रोदिचेभ, मिल्युकोभ, एफ्रिमोभ आएका थिए। त्यस्तै, त्रुदोभिक र मेन्शेभिक समूहका सदस्यहरू पनि थिए। कैयन् जारशाही व्यक्तिहरू विशेष आरक्षित सीटमा बसेका थिए। न्यायाधीशहरूको परतिर हामीले विटलाई देख्यौँ। उनी राज्य ड्युमाका संस्थापक थिए र संसदीय उन्मुक्तिको कानुनका लेखक थिए। सबैखाले प्रेसका पत्रकारहरू थिए। तर, सरकारले प्रचारकार्यमा प्रयोग हुनसक्ने भाषण वा प्रमाणलाई दबाउन पाइला चाल्यो। सैन्य सेन्सरले मुद्दाका समाचारबाट कैयन् परिच्छेदहरू निर्ममतापूर्वक काटिदियो।

मुद्दा चलाउका लागि एकदम चर्चित न्यायाधीशहरूलाई नियुक्त गरियो। इजलासका अध्यक्ष सिनेटर क्राशेनिनिकोभ थिए। सरकारी वकिल थिए निनारोकोभ। दुवैसँग राजनीतिक मुद्दा चलाउने लामो अनुभव थियो। सारमा भन्नुपर्दा अदालतको संरचना नै जारशाही मन्त्रीहरूको मनोरथ पूरा गर्ने ढङ्गले तयार गरिएको थियो।

प्रतिवादी र साक्षीहरूको नामावली पढेसँगै मुद्दा सुरु भयो। युद्धसम्बन्धी कामेनेभेको धारणा स्पष्ट पार्न वकिलमध्ये एकजनाले थप साक्षी एनआई जोर्दान्स्कीलाई बोलाउन याचना गरे। अदालतले त्यो याचना खारेज गरिदियो र अभियोगपत्रको वाचनलाई अघि बढायो।

*(**टिपोट :** एनआई जोर्दान्स्की एक समयका 'रक्षावादी' थिए। पछि उनी कम्युनिस्ट पार्टीमा सामेल भए।)*

सेन्ट पिटर्सबर्गमा जारी गरिएका अनेक पर्चाहरूको लेखाजोखाबाट अभियोगपत्र सुरु भयो। त्यसको प्रकाशन संसदीय समूहले गरेको अभियोग थियो। लेखिएको थियो, "आफ्नो क्रान्तिकारी क्रियाकलापलाई तीव्र पार्न सामाजिक जनवादी समूहका संसद् सदस्यहरूले सेन्ट पिटर्सबर्गमा पार्टी अधिवेशन डाक्ने निर्णय गर्‍यो। यो अधिवेशनलाई सामाजिक जनवादी घेराभित्र 'भेला' भनियो। यसले युद्धविरुद्ध क्रान्तिकारी सङ्घर्षका थप तरिकाबारे छलफल गर्ने तय भएको थियो। रुसका विभिन्न क्षेत्रका पार्टी प्रतिनिधिहरूलाई भेलामा सहभागी हुन बोलाइएको थियो।"

गाभ्रिलोभ परिवारको घरमा प्रतिनिधिहरूलाई समातिएको विवरण दिएपछि अभियोगपत्रमा आरोपीसँग वा घरमा भेटिएका सम्पूर्ण दस्ताबेजका अंशहरू उद्धृत गरिएको थियो। प्रारम्भिक छानबिनको क्रममा तथ्याङ्कका आधारमा हामीविरुद्ध यसरी अभियोग लगाइयो, "रुसी सामाजिक जनवादी मजदुर पार्टीको केन्द्रीय समितिको अधीनमा रहेको आपराधिक सङ्गठनमा सहभागी भएर सशस्त्र विद्रोहमार्फत रुसमा मौलिक कानुनहरूअन्तर्गत स्थापित शासनलाई उल्ट्याउने र त्यसलाई लोकतान्त्रिक गणतन्त्रको आधारमा अर्कै शासनले विस्थापित गर्ने उद्देश्य राखेको... ।"


यही उद्देश्यका निम्ति समूहका सदस्यहरूले 'गुप्त सङ्गठनहरू' को स्थापनामा सहयोग गरेको र तिनीहरूसँग सम्पर्क राखेको, तिनका बैठकहरूमा सहभागी भएको र तिनका निर्णयहरूको खेस्रा गर्नमा भाग लिएको, तिनको काममा पथप्रदर्शन गरेको, रुसी सामाजिक जनवादी मजदुर पार्टीको केन्द्रीय समितिसँग सम्पर्क राखेको र पार्टीको यही उद्देश्यका लागि चन्दा सङ्कलनको प्रबन्ध मिलाएको अभियोगपत्रले स्पष्ट औँल्यायो। समूहका सदस्यहरूले 'आपसमा र गुप्त सङ्गठनका सदस्यहरूसँग गुप्त भाषामा सम्पर्क गर्ने गरेको', 'मजदुरहरूका गोप्य बैठक आयोजना गरेको, सशस्त्र विद्रोह गर्ने उद्देश्यले गुप्त सङ्गठनहरू गठन गर्न आह्वान गरेको', 'युद्धविरोधी क्रान्तिकारी पर्चाहरूको खेस्रा लेखेको र वितरण गरेको' पनि अभियोगपत्रमा उल्लेख थियो। अभियोगपत्रको निष्कर्ष खण्डमा 'जर्मनी र अस्ट्रियाविरुद्ध सैन्य अभियान सञ्चालन भइरहेको बेला सङ्गठनका सदस्यहरूलाई तत्काल कारबाहीमा उत्रिने कार्यक्रम तय गर्ने' विषयमा छलफल गर्न भेला आयोजना गरेको उल्लेख थियो।

अभियोगपत्रले पार्टी जीवनका सबै पक्षलाई समेटेको थियो। सबैलाई फौजदारी ऐनको दफा १०२ उपदफा १ को आधारमा आठ वर्ष कठोर श्रमशिविरको सजाय माग गरिएको थियो। अभियोगपत्रले नछोएकी एकमात्र आरोपी थिइन् श्रीमती गाभ्रिलोभ। उनलाई दफा १६३ अन्तर्गत साथसहयोग दिएको र सरकारी अधिकारीहरूलाई खबर नगरेको आरोप लगाइयो।

अभियोगपत्र पढेपछि इजलासका अध्यक्षले हाम्रो कुरा राख्न भने। प्रारम्भिक छानबिनमा जस्तै हाम्रो मूल सहमतिका आधारमा यसपालि पनि हामीले अभियोग अस्वीकार गर्‍यौँ।

अनुसन्धान अधिकृतको कार्यकक्षमा हामीलाई दस्ताबेजहरू पढ्न दिइरहेको बेला हामीले इजलासमा यही कुरा भन्ने सहमति गरेका थियौँ। समूहको अध्यक्षका हैसियतले पेत्रोभ्स्कीले वाचन गर्ने वक्तव्यको विषयवस्तुमा हामी एकमत थियौँ। उनले बोलेपछि हामीमध्ये प्रत्येकले अनुमोदन गर्नुपर्ने र त्यसलाई थप प्रस्ट्याउनुपर्ने थियो।

छानबिन सुरु भएपछि पेत्रोभ्स्कीले आफ्नो पहिलो जिरह राखे। उनले भने, "भद्र न्यायाधीशहरू, यहाँ समूहलाई नै कठघरामा उभ्याइएको हुनाले मैले केही शब्द बोल्नुपर्छ। सामाजिक जनवादी झन्डामुनि हामीलाई मजदुरहरूले निर्वाचित गरेका हुन्। हामी संसद्मा प्रवेश गर्‍यौँ र रुसी सामाजिक जनवादी मजदुर समूह गठन गर्‍यौँ। यसले पार्टीको बोल्शेभिक खेमालाई समर्थन गर्छ।"





दक्षिण अमेरिकी देश भेनेजुयलाको जुलिया राज्यको माकाइबो सहरनजिक भेनेजुयाली समुद्रमा अमेरिकी सेनाले नियन्त्रणमा लिएको कच्चा तेल बोकेको टयाङ्कर (विशाल जहाज) अगाडि एक पर्यटक बोक्ने डुङ्गा जाँदै डिसेम्बर १७, २०२५ का दिन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुयलाविरुद्ध नाकाबन्दी कडा पार्ने घोषणाको भेनेजुयाली सरकारले कडा विरोध जनाएको छ । *तस्बिर : अलेज्यान्द्रो पारेडेज⁄एएफपी*

# पाकिस्तानद्वारा भारतमाथि 'पानीलाई हतियार बनाएको' आरोप

इस्लामाबाद, ४ पुस (एजेन्सी) । पाकिस्तानले छिमेकी भारतलाई चेतावनी बिनै भारतीय बाँधबाट पानी छाडेर 'पानीलाई हतियार' का रूपमा प्रयोग गरेको गम्भीर आरोप लगाएको छ । उपप्रधानमन्त्री तथा विदेशमन्त्री इशाक दारले शुक्रबार यस्तो कदमले विश्व बैङ्कको मध्यस्थतामा सन् १९६० मा भएको सिन्धु जल सन्धिको उल्लङ्घन गरेको र यसले क्षेत्रीय शान्ति तथा स्थिरतालाई गम्भीर खतरा पुऱ्याएको बताउनुभयो ।

पाकिस्तानको विदेश मन्त्रालयले चेनाब नदीबाट अनियमित रूपमा पानी छोडिएको विषयमा स्पष्टीकरण माग्दै नयाँ दिल्लीलाई पत्र लेखेको एक दिनपछि दारको यो प्रतिक्रिया आएको हो । उहाँका अनुसार भारतले पाकिस्तानको कृषि चक्रको अत्यन्त संवेदनशील समयमा पानीको प्रवाहमा हेरफेर गरिरहेको छ, जसले किसानको जीविकोपार्जन मात्र नभई, देशको खाद्य तथा आर्थिक सुरक्षालाई समेत जोखिममा पारेको छ । चेनाब नदीबाट हालै भएको अनियमित पानी छोडाइ यसै हप्ता पत्ता लागेको उहाँले जानकारी दिनुभयो ।

दारले यस्तो कार्यलाई अवैध र गैरजिम्मेवारपूर्ण भन्दै यसबाट पाकिस्तानमा मानवीय सङ्कट सिर्जना हुन सक्ने चेतावनी दिनुभयो । पाकिस्तान र भारतबिचको सम्बन्ध ऐतिहासिक रूपमा तनावपूर्ण रहँदै आएको छ । सन् १९४७ मा ब्रिटिस औपनिवेशिक शासनबाट स्वतन्त्रता प्राप्त गरेयता दुवै देशबिच दुई पटक युद्ध भइसकेका छन् ।

यस विषयमा भारत सरकारको तर्फबाट तत्काल कुनै आधिकारिक प्रतिक्रिया आएको छैन । यसअघि सेप्टेम्बर महिनामा पनि यस्तै कदमका कारण बाढीको अवस्था झन् बिग्रिएको र पूर्वी पाकिस्तानका सयौँ गाउँ ध्वस्त भएको अधिकारीहरूले बताएका थिए । त्यतिबेला भारतले मनसुनजन्य वर्षासँगै सम्भावित बाढीबारे पाकिस्तानलाई सचेत गराएको दाबी गरेको थियो ।

काश्मीर क्षेत्र भारत र पाकिस्तानबीच विभाजित छ र दुवै देशले यसमाथि पूर्ण दाबी गर्दै आएका छन् । विश्व बैङ्कको मध्यस्थतामा भएको सिन्धु जल सन्धिले दुवै देशका लागि जीवनरेखा मानिने नदी प्रणालीको पानी बाँडफाँटको व्यवस्था गरेको छ । यो सन्धि सन् १९६५ र १९७१ का युद्ध तथा सन् १९९९ को प्रमुख सीमा झडपका बाबजुद पनि कायम रहँदै आएको छ ।

सन्धिअनुसार भारतको नियन्त्रणमा पूर्वी नदीहरू रावी, सतलज र ब्यास पर्छन् भने पाकिस्तानको नियन्त्रणमा पश्चिमी नदीहरू झेलम, चेनाब र सिन्धु पर्छन्, जुन अधिकांश काश्मीर क्षेत्र हुँदै बग्छन् । तर भारतको नियन्त्रणमा रहेको काश्मीरमा २६ जना पर्यटक मारिएको घटनापछि भारतले एकतर्फी रूपमा यो सन्धि स्थगित गर्दै अप्रिल महिनामा पाकिस्तानसँगको कूटनीतिक सम्बन्ध घटाएको थियो ।

यस कदमपछि हप्तौँसम्म तनाव चर्कंदै गएको थियो र मे महिनामा दुवै देशबिच प्रतिशोधात्मक मिसाइल आक्रमणसम्मको अवस्था सिर्जना भएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धविरामको मध्यस्थता गरेको घोषणा गरेपछि तनाव केही कम भए पनि त्यसयता दुवै पक्षले सम्बन्ध सामान्य बनाउने ठोस पहल गरेका छैनन् ।

कूटनीतिज्ञहरूलाई सम्बोधन गर्दै दारले स्पष्ट शब्दमा भन्नुभयो, "पानी जीवन हो, यसलाई हतियार बनाउन हुँदैन ।"

दारका अनुसार पाकिस्तानको राष्ट्रिय सुरक्षा समितिले यस वर्षको सुरुमै पानीको प्रवाह रोक्ने वा डाइभर्ट गर्ने कुनै पनि प्रयासलाई 'युद्धको कार्य' मानिने चेतावनी दिएको थियो । उहाँले भारतले सन्धिअन्तर्गत आवश्यक पर्ने अग्रीम सूचना, हाइड्रोलोजिकल तथ्याङ्क तथा संयुक्त निरीक्षण संयन्त्रको साझेदारी रोकेको आरोप पनि दोहोऱ्याउनुभयो ।

# टिकटक–अमेरिका संयुक्त उद्यम सम्झौता

वासिङ्टन, १९ डिसेम्बर (एएफपी) । अमेरिकी प्रतिबन्धको सम्भावित खतरा टार्न सामाजिक सञ्जाल कम्पनी टिकटकले लगानीकर्ताहरूसँग संयुक्त उद्यम (ज्वाइन्ट भेन्चर) सम्झौतामा हस्ताक्षर गरेको छ । यस सम्झौताले टिकटकलाई संयुक्त राज्य अमेरिकामा आफ्नो सञ्चालन निरन्तर कायम राख्न र चिनियाँ स्वामित्वमा प्रतिबन्धको खतराबाट जोगिन मार्गप्रशस्त गरेको छ ।

एएफपीले अध्ययन गरेको आन्तरिक मेमोअनुसार टिकटकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) शौ च्यूले कर्मचारीहरूलाई जानकारी गराउँदै टिकटक र यसको चिनियाँ मूल कम्पनी बाइटडान्स ओरेकल, सिल्भर लेक तथा अबु धाबीस्थित एमजीएक्सलाई प्रमुख लगानीकर्ताका रूपमा समेटेर नयाँ अमेरिकी एकाइ गठन गर्न सहमत भएको बताउनुभएको छ । ओरेकलका कार्यकारी अध्यक्ष तथा संस्थापक ल्यारी एलिसन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका दीर्घकालीन सहयोगी मानिनुहुन्छ ।

मेमोमा च्यूले स्पष्ट पार्दै भन्नुभएको छ, "अमेरिकी संयुक्त उद्यम अमेरिकी प्रयोगकर्ताहरूको डाटा सुरक्षा, एल्गोरिदम सुरक्षा, सामग्री मोडरेशन र सफ्टवेयर आश्वासनका लागि जिम्मेवार हुनेछ ।" उहाँका अनुसार यस नयाँ संरचनाले अमेरिकी प्रयोगकर्ताका लागि सामग्री, सफ्टवेयर र डाटा सुरक्षित रहेको सुनिश्चित गर्ने विशेष अधिकार पाउनेछ ।

सम्झौताअनुसार, नयाँ अमेरिकी उद्यमको करिब आधा हिस्सा ओरेकल, सिल्भर लेक र एमजीएक्ससहितका नयाँ लगानीकर्ताहरूको कन्सोर्टियमसँग रहनेछ, जसमा प्रत्येकको करिब १५ प्रतिशत स्वामित्व हुनेछ । बाइटडान्ससँग प्रत्यक्ष रूपमा २० प्रतिशत स्वामित्व मात्र रहनेछ, जुन अमेरिकी कानुनले चिनियाँ कम्पनीलाई अनुमति दिएको अधिकतम सीमा हो । बाँकी हिस्सा बाइटडान्सका विद्यमान लगानीकर्तासँग सम्बद्ध पक्षहरूको हातमा रहनेछ ।

मेमोमा उल्लेख गरिएअनुसार, टिकटक ग्लोबलका अमेरिकी एकाइहरूले विश्वव्यापी उत्पादन अन्तरक्रियाशीलता, ई-वाणिज्य, विज्ञापन तथा मार्केटिङजस्ता केही व्यावसायिक गतिविधिहरू पनि व्यवस्थापन गर्नेछन् । यद्यपि, सम्झौतालाई पूर्ण रूपमा अन्तिम रूप दिन जनवरी २२ अघि अझै केही प्रक्रिया पूरा गर्नुपर्ने च्यूले जानकारी गराउनुभएको छ ।

यो सम्झौता पूर्वराष्ट्रपति जो बाइडेनको कार्यकालमा पारित गरिएको त्यस कानूनको प्रत्यक्ष परिणाम हो, जसले बाइटडान्सलाई टिकटकको अमेरिकी कारोबार बेच्न वा प्रतिबन्ध भोग्न बाध्य बनाएको थियो । अमेरिकी अधिकारीहरूले लामो समयदेखि चीनले टिकटकमार्फत अमेरिकी प्रयोगकर्ताको डाटा सङ्कलन गर्न वा प्रभाव पार्न सक्ने चिन्ता व्यक्त गर्दै आएका छन् ।

राष्ट्रपति ट्रम्पले यस विषयमा पटक-पटक कार्यकारी आदेशमार्फत समयसीमा सार्दै आउनुभएको थियो । सेप्टेम्बरमा ह्वाइट हाउसले चीनसँग संयुक्त उद्यममा सहमति भइसकेको र कानूनी आवश्यकताहरू पूरा हुने घोषणा गरेको थियो, जुन अहिलेको सम्झौताबाट धेरै हदसम्म पुष्टि भएको छ ।

बाइटडान्सले सम्झौतामा तत्काल प्रतिक्रिया नदिए पनि विश्लेषकहरूका अनुसार यो सम्झौताले कम्पनीलाई आफ्नो सबैभन्दा महत्त्वपूर्ण बजार गुम्नबाट जोगाएको छ । चिनियाँ प्रविधि परामर्शदाता ली चेङडोङले भन्नुभयो, "अमेरिकी सञ्चालन कायम रहनु नै बाइटडान्सका लागि ठूलो उपलब्धि हो ।"

विज्ञहरूका अनुसार यस समाधानले बाइटडान्सलाई आर्टिफिसियल इन्टेलिजेन्स (कृत्रिम बौद्धिकता) जस्ता नयाँ परियोजनामा ध्यान केन्द्रित गर्न र सम्भावित आईपीओतर्फ अघि बढ्न सहयोग पुऱ्याउन सक्छ । तर, विश्लेषक झाङ यीले अमेरिकी नियामकहरूले भविष्यमा पनि टिकटकमाथि दबाब सिर्जना गर्न सक्ने चेतावनी दिनुभएको छ ।

## विश्व सङ्क्षेप

### सन् २०२६ मा श्रीलङ्काको विदेशी लगानी एक अर्ब ५० करोड अमेरिकी डलर पुग्ने अनुमान

कोलम्बो, १९ डिसेम्बर (सिन्हवा) । सन् २०२६ मा श्रीलङ्काको प्रत्यक्ष विदेशी लगानी (एफडीआई) प्रवाह एक अर्ब ५० करोड देखि २ अर्ब अमेरिकी डलरको बिचमा हुने अपेक्षा गरेको लगानी बोर्डका अध्यक्ष अर्जुन हेराथले पत्रकारहरूलाई बताउनुभएको छ ।

अध्यक्ष हेराथले सन् २०२५ मा एफडीआई एक अर्ब डलर नाघेको पुष्टि गर्नुभएको छ । आर्थिक र नीतिगत अनिश्चितताले ग्रस्त अवधिपछि श्रीलङ्काको औद्योगिक आधारलाई बलियो बनाउन, रोजगारी सिर्जना गर्न र लगानीकर्ताहरूको विश्वास पुनर्निर्माण गर्न सरकारले उत्पादन लगानीलाई महत्त्वपूर्ण ठानेको हेराथले बताउनुभएको छ ।

हेराथले श्रीलङ्काको व्यापार क्षेत्रको हालैको सुधारलाई चक्रवात दितवाहबाट विदेशी लगानी आकर्षित गर्ने देशको सकारात्मक दृष्टिकोणको कारणको रूपमा उद्धृत गर्दै हालैको प्रतिकूल मौसममा परिचालन अवरोधको अनुभव गर्ने ९० प्रतिशतभन्दा बढी कम्पनीहरूले अब सामान्य व्यापार सञ्चालन पुन: सुरु गरेको उल्लेख गर्नुभएको छ ।

### बङ्गलादेशको अखवार भवनमा आगलागी, २५ जना पत्रकारको उद्धार

ढाका, ४ पुस (एएनआई) । ढाकाको कावरान बजारस्थित अखबारको कार्यालयमा आक्रोशित भिडले छापा मारी आगो लगाउँदा कार्यालयमै फसेका द डेली स्टारका कम्तीमा २५ जना पत्रकारलाई कार्यालयबाट उद्धार गरिएको बीडी न्यूजले जनाएको छ । बीडी न्यूजका अनुसार आक्रोशित भीड शुक्रबार अखबारको कार्यालयमा आई आगो लगाउनु अघि तोडफोड गरी नारा लगाएको र आगो लगाएको जनाएको छ । भिडले उनीहरूको बाटो अवरुद्ध गरेको कारण केही समयका लागि अग्निशमन सेवा भवनमा पुग्न नसकेको पत्रकारहरूलाई उद्धृत गर्दै बीडी न्यूजले जनाएको छ ।

फोन र सामाजिक सञ्जालमार्फत सहयोग र ज्यान बचाउन आग्रह गर्दै छतमा भागेको र दमकलकर्मीहरू अन्तत: घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिई उद्धार गरेको उनीहरूलाई उद्धृत गर्दै बिडी न्युजले जनाएको छ ।

बीडी न्यूजका अनुसार घटनास्थलमा सुरक्षाको लागि सेना तैनाथ गरिएको छ । पछि न्यु एजका सम्पादक नुरुल कबिरसँगै पत्रकारहरूलाई बाहिर निकाल्दै सैनिकहरू देखिएको जनाइएको छ ।

बङ्गलादेशका अन्तरिम सरकार प्रमुख मुहम्मद युनुसले राष्ट्रमा शान्ति कायम राख्न र कानुन प्रवर्तनलाई व्यावसायिक रूपमा अनुसन्धान गर्न अनुमति दिन नागरिकहरूलाई अपिल गर्दै सरकार विधिको शासन कायम राख्न र लोकतान्त्रिक प्रगतिलाई अगाडि बढाउन प्रतिबद्ध रहेको बताउनुभएको छ ।

राष्ट्रलाई सम्बोधन गर्दै युनुसले भन्नुभयो "म देशका सबै नागरिकहरूलाई धैर्य र संयमता कायम राख्न आग्रह गर्दछु ।"

# आईएस–के का वरिष्ठ नेता पक्राउ

इस्लामाबाद, ४ पुस (एएफपी) । पाकिस्तानले इस्लामिक स्टेट जिहादी समूहको क्षेत्रीय शाखा इस्लामिक स्टेट खोरासान (आइएस-के) का एक वरिष्ठ नेतालाई पक्राउ गरेको जनाएको छ । संयुक्त राष्ट्रसङ्घको प्रतिबन्ध अनुगमन समूहको प्रतिवेदन सार्वजनिक भएपछि एक वरिष्ठ पाकिस्तानी गुप्तचर अधिकारीले शुक्रबार यसबारे जानकारी दिएका हुन् ।

संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा नोभेम्बरमा पेस गरिएको प्रतिबन्ध अनुगमन समितिको प्रतिवेदनअनुसार आईएस-के का प्रवक्ताका रूपमा पनि काम गरेका सुल्तान अजिज आजमलाई गत मे १६ तारिखमा पक्राउ गरिएको थियो । ती अधिकारीका अनुसार आजम प्रवक्ता मात्र नभई यस क्षेत्रका आईएस-के का शीर्ष नेतामध्ये एक मानिन्थे ।

ती अधिकारीले भने, "आजमको भूमिका अत्यन्तै महत्त्वपूर्ण थियो, त्यसैले पक्राउपछिको सोधपुछ र अनुसन्धानलाई ध्यानमा राख्दै तत्काल सार्वजनिक गरिएको थिएन । यसले आतङ्कवादविरोधी कारबाहीमा नकारात्मक असर पर्न सक्थ्यो ।" गुप्तचर अधिकारी तथा संयुक्त राष्ट्रसङ्घीय प्रतिवेदनले आजम कुन देशमा पक्राउ परेका थिए भन्ने विषय भने स्पष्ट गरेको छैन ।

आईएस-के ले पछिल्ला वर्षहरूमा अफगानिस्तान, पाकिस्तान तथा अन्य केही मुलुकमा भएका सबैभन्दा भयावह आक्रमणहरूको जिम्मेवारी लिँदै आएको छ । तीमध्ये धेरै आक्रमणमा सर्वसाधारणलाई नै निशाना बनाइएको छ । सन् २०२४ को मार्चमा समूहका बन्दुकधारीहरूले मस्कोस्थित एक कन्सर्ट हलमा आक्रमण गर्दा १४० भन्दा बढी व्यक्तिको ज्यान गएको थियो । त्यसैगरी, सन् २०२१ मा तालिबान पुन: सत्तामा आएपछि अफगानिस्तान र पाकिस्तान दुवैमा आइएस-केको शृङ्खलाबद्ध घातक आक्रमण जारी रहेका छन् ।

तालिबान अधिकारीहरूले सुरक्षा आफ्नो सर्वोच्च प्राथमिकता भएको दाबी गर्दै आइएस-के तथा अन्य आतङ्कवादी समूहहरूविरुद्ध कडा कारबाही गर्ने प्रतिबद्धता जनाउँदै आएका छन् । तर पाकिस्तानले भने अफगानिस्तानको भूमि आतङ्कवादी समूहहरूलाई शरण दिन प्रयोग भइरहेको आरोप लगाउँदै आएको छ । पछिल्ला महिनाहरूमा सीमा क्षेत्रमा भएका घातक झडपका कारण दुई देशबिचको सम्बन्ध थप तनावपूर्ण बनेको छ ।

इस्लामाबादले आतङ्कवादी सञ्जालहरूविरुद्ध सीमा क्षेत्रमा सघन कारबाही अघि बढाएको जनाएको छ । सुरक्षा स्रोतहरूका अनुसार अक्टोबरमा अफगान भूभागमा गरिएको हवाई आक्रमण पाकिस्तानी तालिबानलाई लक्षित थियो । संयुक्त राष्ट्रसङ्घीय प्रतिवेदनले अफगान तालिबान र पाकिस्तान दुवैको कारबाहीका कारण आइएस-के को क्षमतामा क्षति पुगेको उल्लेख गरेको छ ।

# शासक दलका नेता कार्यकर्तामा देशभक्तिको भावना खोइ ?

दुर्गा


आफ्नो देशको रक्षा गर्नु हरेक नागरिक र सरकारको कर्तव्य हो । तर, २०४६ सालको जनआन्दोलनपछिका प्रजातन्त्र, गणतन्त्रका शासक दलहरूले नेपाली माटोको रक्षा गर्न सकेका छैनन् । कालापानी, लिपुलेक लिम्पियाधुरा, सुस्तालगायतका ७० भन्दा बढी ठाउँमा भारतले बलपूर्वक नेपाली भूमि मिचेको छ । आजसम्मका सबै शासक दलहरूले त्यसलाई टुलुटुलु हेरेर मात्रै बसेका छन् । तिनीहरू कसैले पनि प्रभावकारी र परिणाम देखिने गरी कुनै कदम अगाडि बढाउन सकेका छैनन् । बरु, सिमानाका देशभक्त नेपाली माटोको रक्षा गर्न लडे । उनीहरूले छातीमा भारतीय विस्तारवादको गोली थापे । हिजो देशको रक्षा गर्न साम्राज्यवादी अङ्ग्रेजसँग भीमसेन थापा, भक्ति थापा, बलभद्र कुँवरलगायतका वीर योद्धाहरू लडे । देशको लागि उनीहरूले बलिदान दिए ।

आज पुर्खाले लडेर जोगाएको नेपाली माटोमा अमेरिकी आम्राज्यवाद र भारतीय विस्तारवादले देशद्रोहीहरूलाई प्रयोग गरेर देश जलाउने, ध्वस्त पार्ने काम गरेका छन् । भदौ २३ र २४ गतेको युवा पुस्ताको विद्रोहमा घुसपैठ गराएर विध्वंश मच्चाइयो । दुई दिनमै देशका थुप्रै सम्पत्ति खरानी भयो । देशको रक्षा गर्छु भनेर सपथ खाएका, सत्ताको लगाम हातमा लिएका, दसौँ लाख सङ्गठित नेता, कार्यकर्ता भएका भनिएका एमाले काङ्ग्रेसलगायतका शासक दलले देश जोगाउन सकेनन् । फागुन २१ गतेको प्रतिनिधिसभाको निर्वाचनमा जनताले उनीहरूलाई उचित सजाय देलान् । त्यसको लागि नेपाली जनता सचेत हुनैपर्छ ।

त्यसो त विगतमा कीर्तिपुरका जनताले पनि आफ्नो भूमि जोगाउन देशभक्ति भावना, एकता, वीरता र सदासय देखाए । छरिएर रहेका बाइसे चौबिसे साना राज्यलाई एकीकरण गर्ने क्रममा काठमाडौँ उपत्यका वरपरको साँखु, नगरकोट, नाला, बनेपा, धुलिखेल, श्रीखण्डपुर, पनौती, साँगा, नुवाकोट, रसुवालगायतका गढी, राज्य जितेपछि पृथ्वीनारायण शाह काठमाडौँ उपत्यका पसे । उपत्यकाका जनताको रगत पसिनाले सजाएको सुन्दर काठमाडौँ उपत्यका जित्न उनले रणनीतिकरूपले महत्त्वपूर्ण र बलियो किल्लाको रूपमा रहेको कीर्तिपुरमाथि आक्रमण गर्न तयारी गरे । उनले ने सं. ८६८ भाद्र शुक्ल तिथिका दिन चन्द्रागिरिमा गोरखा र तनहुँबाट सेनाको थाना या तुकडी राख्न ल्याए । ६ वर्षपछि ने सं. ८७४ मा उनका सैनिकहरूले काट्न ठिक्क भएको कर्तिपुरका जनताको धानबालीमा आगो लगाइदिए । त्यसको ६ वर्षपछि विसं १८१४, नेसं. ८८० जेष्ठ शुक्ल दशमीको दिन पृथ्वीनारायण शाहले कीर्तिपुरमाथि पहिलो आक्रमण गरे । त्यस पहिलो आक्रमणमा पृथ्वीनारायण शाह पराजित भए । त्यस आक्रमणमा उनका विश्वास पात्र सेना प्रमुख काजी कालु पाण्डे कीर्तिपुरबाट करिब १ किमि दक्षिणपूर्णमा रहेको भाजेग: भन्ने ठाउँको सानो थुम्कोमा कीर्तिपुरका जनताबाट मारिए । अहिले त्यहाँ स्मारकको रूपमा शिखर शैलीको ढुङ्गाको मन्दिर वा स्तम्भ बनाइएको छ । त्यही बेला पृथ्वीनारायण शाहलाई पनि कीर्तिपुरका जनताले समातेका थिए । कीर्तिपुरका जनताले उनलाई पनि मार्न लाग्दा 'राजालाई राजाले मात्र मार्न पाइने धर्मलाई पालन गरी सदायसयताका साथ कीर्तिपुरे जनताले पिठ्यूँमा बोकाएर पर छोडिदिएका थिए । गोर्खाली सेनाबाट कब्जा गरिएका हातहतियार बाघभैरव मन्दिरको माथिल्लो तल्लाको छानामा टाँगिएर राखिएको पाइन्छ ।


पृथ्वीनारायण शाहले ने.सं.८८५ को आश्विन बुँदिका दिन दोस्रोपटक कीर्तिपुरमाथि आक्रमण गरे । त्यसमा पनि उनी असफल भए । उनका भाइ सुरप्रताप शाहको आँखा कीर्तिपुरे जनताको वाणले फुट्यो ।


ने सं. ८८६ चैत ३ गते बुधबारका दिन पहिलो र दोस्रो पटकको पराजयबाट पाठ सिकेर नयाँ रणनीतिका साथ तेस्रो पटक पृथ्वीनारायण शाहले कीर्तिपुरमाथि आक्रमण गरे । यस पटकको आक्रमणमा उनी सफल भए । उनी यस पटकको आक्रमणमा सफल हुनुको प्रमुख कारण ललितपुर र कीर्तिपुरका विभीषणहरुलाई हातमा लिनु हो । त्यसबेला कीर्तिपुर ललितपुरको स्वायत - उपराज्य थियो । त्यसो भएकाले त्यहाँका विभीषण काजी धनवन्तलगायत कीर्तिपुरका केही लोभी, पापी, देशद्रोहीहरूले त्यहाँको गुप्त सुरुङ मार्गको ढोका खोलिदिए । त्यहाँबाट पृथ्वीनारायण शाहले आफ्ना सेनाहरू गुप्तरूपमा विभिन्न रूप र भेषमा भित्र पठाए । भित्रैबाट अचानक हमला गरी











मुख्य मुख्य सेनालगायतका मान्छेहरूलाई मारिदिए । त्यसको २४ दिनपछि चैत २७ गते शनिबारका दिन ८६५ जना निहत्था कीर्तिपुरका जनताको नाक, कान र मुख, ओठ काटिदिए । त्यहाँको दरबारमा पनि आगो लगाइदिए । खेतमा पुरिराखेको धान निकालेर हेर्दा कालो भएको र मुलाको साग गुन्द्रुकमा परिणत भएको पाए । यसरी उनले कीर्तिपुरका जनतालाई पासविक यातना दिएका थिए । दोस्रो मुख्य कारण नाकाबन्दी हो । कीर्तिपुरका जनतामाथि छ महिना लामो नाकाबन्दी लगाइएको थियो ।

पृथ्वीनारायण शाहले अन्य राज्यमा व्यहोर्न नपरेको पराजय यहाँ भोग्नुपर्‍यो । यसो हुनुको महत्त्वपूर्ण र मुख्य कारण कीर्तिपुरका जनताको देशभक्ति भावना, एकता र बलिदानी भावना हो । त्योभन्दा प्रेरणादायक कारण भनेको कीर्तिपुरका कीर्तिलक्ष्मीलगायतका छोरीहरू पुरुषको भेषमा लडाकु जनताजस्तै वीरतापूर्वक लड्नु हो । त्यसले पनि पृथ्वीनारायण शाहलाई युद्धमा हम्मेहम्मे भएको भनिन्छ । यहीँ झोकमा कीर्तिपुरका वीर जनताको नाक, कान र मुख काटेर पासविक यातना दिएको कथन छ ।

कीर्तिपुरका वीर छोरीहरूको प्रतीक कीर्तिलक्ष्मीको पूर्ण रूपको सालिक कीर्तिपुरका जनताले वि.सं. २०८२ जेठ २२ गते बिहीबारका दिन बाघभैरव मन्दिर परिसरको दक्षिणपूर्वतिर खोँचमा प्रतिस्थापन गरेका छन् । यो ऐतिहासिक कीर्तिपुरका जनताको देशभक्ति भावना, एकता र वीरताको प्रतीक हो । यसलाई बाघभैरव मन्दिर परिसरभित्र, परिसरको मूलढोका अगाडिको बाहिर खुला ठाउँमा वा माथि लाय्कु दरबार परिसरमा सबैले सजिलै देखिने गरी राखेको भए जाती हुन्थ्यो ।

कीर्तिपुरका जनताको देशभक्ति भावना, एकता र वीरताले नै पृथ्वीनारायण शाहलाई कीर्तिपुर जित्न हम्मेहम्मे भएको कुरा माथि उल्लेख भइसकेको छ । अर्को कारण भनेको कीर्तिपुरका जनताले आत्मसमर्पण गरेनन् बरु बहादुरीपूर्वक लडे । कीर्तिपुरमा यसरी ३ पटक आक्रमण गरी सफलता पाएपछि मात्र पृथ्वीनारायण शाहले ने सं. ८८९, (वि.सं. १८२५) मा इन्द्रजात्राको दिन, ने सं ८९०, (वि. सं. १८२६) मा ललितपुर हुँदै भक्तपुर जितेका थिए ।

देशको शिक्षाको मुख्य तीर्थधाम कीर्तिपुरमा रहेर पनि कीर्तिपुरका जनता शैक्षिक र राजनीतिकरूपले पछाडि परेका छन् । यसको कारण भनेको राज्यले कीर्तिपुरका जनतामाथि गरिएको विभेद हो भन्दा फरक नपर्ला । त्यसले उनीहरु आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक रूपले पनि पछाडि परेका छन् । त्यहाँ साँच्चिकै कीर्तिपुरलाई हेर्ने, देशलाई माया गर्ने, नि:स्वार्थ सेवा गर्ने देशभक्त नेता, बुद्धिजीवी, विद्वानहरू देखिएका छैनन् । यसको लागि कीर्तिपुरका जनता नै विगतमा जस्तो राजनीतिक रूपले सचेत र सङ्गठित भएर अगाडि बढ्नुको विकल्प छैन । त्यस्तै देश पनि राजनीतिक र आर्थिक रूपमा स्वतन्त्र र आत्मनिर्भर भएर बढ्न नसक्नुको कारण धनवन्तजस्ता विदेशीलाई सूचना दिने, पुऱ्याउने, सहयोग गर्ने विभीषणहरू, भ्रष्टाचारी अपराधीहरू शासक दल, उच्च कर्मचारीमा रहेको आरोप छ । उनीहरूलाई नेपाली जनतामाझ नङ्ग्याउनु आवश्यक छ । हिजो कीर्तिपुरको जनताले जस्तै; भीमसेन थापा, भक्ति थापाहरूले जस्तै कुनै देशी, विदेशीको अगाडि नझुकीकन, लोभलालचमा नफसी त्याग, बलिदानी भावनाका साथ सबै अगाडि बढ्ने हो भने जति सुकै दु:ख पीडा, अभाव भएपनि मेहनतलाई आत्मसात गर्ने हो भने त्यो दिन टाढा हुनेछैन । देश स्वतन्त्र, आत्मनिर्भर समृद्ध बन्ने छ ।

## नाउँ उज्यालो काम अँध्यारो पार्नेहरू !

साहिँला

गाउँ बस्तीले भरिएको यो देश
उत्तर हिमाल र हरियो पहाड
दक्षिण तराई समथर फाँट
हेर्दा अति मनमोहक ।
हिमालका हिमनदी
पहाडका झरना र जडिबुटी
तराई अन्नको भण्डार
जीवन जिउने आधार ।
प्राकृतिक स्रोतको मुहान
मुहार छ अति उज्यालो
पवित्र भूमि यो देशको
महिमा अपरम्पार ।
घोडा फेर्छन् छिनछिन
नाउँ अनेक काम एकै
गर्छन् छल फेर्छन् बोली
उज्यालो भन्नेहरू पनि ।
विदेशीका एजेन्टहरू
एमसीसीका मतियारहरू
कहिल्यै हुन सक्दैनन् बुझ
देश र जनताका ती सेवक ।
सस्तोमा विद्युत् विदेशीलाई बेची
महँगोमा किनेर जनतालाई दिने
गाउँ बस्ती अँध्यारो पार्ने
भक्षक, कमिसनखोरी ।
देशको प्राकृतिक स्रोतसाधन
विदेशी मालिक रिझाउन दिने
छेपारोझैँ रूप फेर्ने
नयाँ नयाँ देशघाती ।
ढाँटेको कुरा सत्य हुन्न
गाँसेगुँसे एकै नासे
देश र जनघाती होइनन् र ?
उज्यालोको नाउँमा अँध्यारो पार्नेहरू ।

## लघु कथा

## असल ज्वाइँ

विद्या

ओहो ! हरिलक्ष्मी त कति भाग्यमानी छ है ! ऊ हेर त उनका माइलो र कान्छो ज्वाइँ कस्तो सुट टाइमा जन्ती आएछन् । घाँटी र हातको दसौँ तोलाको सुनको सिक्री र बाला छन् । माइली र कान्छी छोरी पनि परीजस्ता कालो चस्मामा सजिएर आएका छन् । आज भोलि के जमाना आयो है । प्रकृतिले दिएको सुन्दर अनुहारमा पनि छोरी बुहारीहरू कालो चस्मा लगाएर आउँने गर्छन् होइन ? तर जेठो ज्वाइँ र छोरी त सामान्य पहिरनमा आएछन् । घाँटी र हातमा सामान्य चुरा र घडीबाहेक केही थिएन । जेठी छोरीको त भाग्य नै फुटेको जस्तो छ । चाडपर्वमा भोज बोलाउँदा पनि आमाबुबालगायतका अरु नातेदारले ती दुबै छोरी, ज्वाइँ र सन्तानलाई माग्ने र अछुतको जस्तो व्यवहार गर्छन् रे । उनीहरूको मन कति दुख्यो, रोयो होला है ! हरिलक्ष्मीको छोराको बिहेको जन्तीमा आएका ती छोरी, ज्वाइँहरूलाई हेरेर बसेका छिमेकी हेरामायाले कृष्णमायालाई कानमा खुसुक्क सुनाइन् ।

जेठी छोरी र ज्वाइँको व्यवहारलाई नजिकबाट हेरिरहेकी कृष्णमायालाई हेरामायाको धन सम्पत्ति र पहिरनलाई प्रशंसा र जेठी छोरी र ज्वाइँलाई विभेद गरेको कुरा सुन्दा दु:ख र रिस दुबै उठ्यो ।

कृष्णमायाले हेरामायालाई झपार्दै भनिन्, पैसा, सम्पत्ति धेरै भएपछि मान्छेमा दम्भ बढ्छ । उनीहरूले अग्रज र समाज कसैलाई टेर्दैनन् । उनीहरूले नाता कुटुम्ब, समाजले सङ्कटको बेला गरेको सबै सहयोग, गुण धुलोमा मिलाइ दिन्छन् । तर, जेठो ज्वाइँ त्यस्तो होइन । उनी खेतीपातीको काम गर्ने सामान्य किसान छन् । उनी धन सम्पत्तिसँग इमान, निष्ठा बेच्दैनन् । उनी सादा जीवन उच्च विचारका छन् । समाजमा दु:ख, आपत् परेका मानिसलाई आफू खाई नखाई नि:स्वार्थ सहयोग गर्छन् । अनि बाटो, मन्दिर, पाटी, स्कूल, पुस्तकालय आदि समाज, देश बनाउने काममा उपभोक्ता समितिमा बसेर नि:स्वार्थ सहयोग गर्छन् । उनले भक्तपुर नगरपालिकासँग शैक्षिक ऋण लिएर छोराछोरीलाई इन्जिनियर र नर्स बनाउने काम गरे । छोराछोरीले पनि कमाएर त्यो ऋण तिरिसकेका छन् । भाग्यमानी भनेको उनी पो छन् । उनी असल ज्वाइँ हुन् । तर, माइलो ज्वाइँ पर्ती जग्गा खाने जग्गा दलाल, नि:सन्तान बुढाबुढीको घर, जग्गा सिध्याइदिने खराब मान्छे हुन् भने कान्छो ज्वाइँ पनि भ्रष्टाचार गरेर अकुत सम्पत्ति आर्जन गर्ने कर्मचारी हुन् । उनी दुबै चिल्लो कार चढेर ससुराली आउँछन् । उनीहरू त जिउँदै नरक गएका मान्छेजस्ता खराब र पापी हुन् । मान्छे चिन्नु छैन ।

ए त्यसो पो ! मलाई त त्यस्तो कुरा केही थाहा छैन । जन्ती पनि गयो । ती दुबै छिमेकी पनि आ-आफ्नो घर गए ।

## कविता

## पसिनाको हिसाब

सत्य सुवाल

एउटा चोरले मोबाइल चोर्दा कालकोठरी पुग्छ,
तर यहाँ सभ्य चोरहरू अस्पतालको शय्याबाट बिरामीको सास चोर्छन् ।
सिंहदरबारको कुर्सीमा बसेर सम्मानको ओढ्ने ओढ्दै,
जनताको रगत-पसिनाको करले आफ्ना चिल्ला गाडी गुडाउँछन् ।
जनताले गाँस काटेर कर तिर्यौं, सन्तानको भविष्य सजाउन,
तर विडम्बना ! गाउँमा सुत्केरीले डोकोमै ज्यान गुमाउँछिन् ।
सिटामोल नपाएर पहाडमा गरिबको मृत्युको ध्वनि गुन्जिन्छ,
अनि सहरमा भ्रष्टाचारको ठुलो उत्सव चल्छ ।
विमानस्थलका ती लामा लाइनहरू रहर होइनन्, बाध्यता हुन्,
युवाको रगतको रेमिट्यान्सले राज्यको ढुकुटी त भरिन्छ,
तर त्यही भ्रष्टाचारले गर्दा आज कैयौँ छोराहरू बाकसमा फर्कन्छन् ।
यो लुटतन्त्रले देशको भविष्यमाथि नै प्रहार गरिरहेको छ ।
तर दोष शासकको मात्र छैन, हाम्रो 'मौनता' को पनि छ,
सबै उस्तै हुन् भन्दै हामीले नै उनीहरूलाई लुट्ने लाइसेन्स दियौँ ।
हाम्रो एउटा गलत मतले नै उनीहरूको बेथितिको जग बलियो बनायो,
अब चुनावमा चामलको बोरा र रक्सीको गिलासमा पसिना नबेचौँ ।
कर नेताको खल्ती भर्ने माध्यम होइन, देश जोगाउने औषधि हुनुपर्छ ।
अब आफ्नै पसिनाको हिसाब खोज्ने बेला आएको छ,
किनकि भ्रष्टाचार रोक्नु एउटा सिङ्गो राष्ट्रलाई मर्नबाट बचाउनु हो ।

## अघि बढ्नुपर्छ

कृष्णप्रसाद सुवाल

बिहानीको सुरुवातसँगै फक्रिएका कोपिलाहरू
नाची नाची डुलेका पुतलीहरूसँगै
मुहारमा मुस्कान छर्दै सफलताका गीतहरू
गाउँदा गाउँदै सारङ्गीका धुनहरूसँगै ।

नाना पापा बोली वचनमा हुर्किएकाहरू
वामे सर्दासर्दै गोरेटोमा निर्धक्क हिँड्नेहरू
आकाशका ताराहरूजस्तै चम्किएका मुहारमा
खुसीका बहारले महल नै चम्काउँछ ।

परिवारका अभिन्न अङ्ग हे प्यारा उपहारहरू
सफलताका सिँढीहरू चुम्न खोज्नु आजै है
हत्केलाका भाग्य रेखासँगै भविष्यको खोजी गर्नु है
धर्तीभित्रबाट उदाएर स्वर्ग सजाउन खोज्नु है ।

सुकर्म पथमा काँडारूपी छेकबारहरू छिचोलेर
सङ्घर्षले यो जीवनलाई साकार बनाउनुपर्छ ।
धर्तीले मागेको बेला इच्छा पूरा गर्न
यही माटोमा चम्किनलाई सधैँ अघि बढ्नुपर्छ ।

# जनसङ्ख्याका आधारमा समावेशी प्रतिनिधित्व गराउन कानुनमा संशोधन

काठमाडौँ, ४ पुस । समानुपातिकतर्फको निर्वाचन प्रणालीमा जनसङ्ख्याको आधारमा प्रतिशत निर्धारणका लागि सरकारले कानुनी प्रबन्ध गरेको छ । त्यसका लागि मन्त्रिपरिषद्ले अध्यादेश पारित गरी जारी गर्न राष्ट्रपतिसमक्ष पेस गरेको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रमा भएको व्यवस्थाबमोजिम दलित, आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम समूहका लागि प्रतिशत निर्धारण गर्न अध्यादेशमार्फत कानुनी प्रबन्ध गरिन लागेको हो ।

मन्त्रिपरिषद्को बिहीबारको बैठकले राष्ट्रिय जनगणना, २०७८ को अन्तिम प्रतिवेदनअनुसार विभिन्न क्लस्टरको प्रतिशत मिलान गर्न निर्वाचन ऐनमा संशोधन गर्ने निर्णय गरेको हो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलका अनुसार दलित, आदिवासी, जनजाति, खस आर्य, मधेसी, थारू र मुस्लिम समुदायको जनसङ्ख्याको नयाँ तथ्याङ्कअनुसार प्रतिनिधिसभा सदस्य ऐन, २०७४ को अनुसूची परिमार्जन गर्न अध्यादेश ल्याइएको हो ।

निर्वाचन आयोगमा गत मङ्सिर २५ गते भएको छलफलका आधारमा जनसङ्ख्याका आधारमा समावेशी समूहको प्रतिनिधित्व गराउने सन्दर्भमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सहसचिव सुभाषकुमार भट्टराईको संयोजकत्वमा निर्वाचन आयोग, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रतिनिधि रहेको छ सदस्यीय समिति गठन गरिएको थियो ।

सो समितिले राष्ट्रिय जनगणनाका आधारमा समावेशी आधार प्रतिशत तय गरी तीन दिनभित्र प्रतिवेदन पेस गर्ने कार्यदिश तोकिएको थियो । सोही समितिले राष्ट्रिय जनगणना, २०७८ अनुसार जनसङ्ख्याका आधारमा प्रतिशत निर्धारण गरेको हो । कुल २७५ सदस्यीय प्रतिनिधिसभामा १६५ जना प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत निर्वाचित हुनेछन् । यस्तै, ११० सदस्य समानुपातिक निर्वाचन प्रणालीमार्फत निर्वाचित हुने व्यवस्था छ ।

जनसङ्ख्याको प्रतिशतका आधारमा राजनीतिक दलले उम्मेदवारको बन्दसूची पेस गर्नेछन् । राजनीतिक दलले प्राप्त गरेको मतका आधारमा सिट सङ्ख्या निर्धारण हुनेछ । सोही प्रयोजनका लागि सरकारले अध्यादेशमार्फत कानुनी प्रबन्ध गरेको हो । ***(रासस)***

## आवश्यकता

यस कस्तुरी बचत तथा ऋण सहकारी संस्था लि.को तपसिलबमोजियका लागि कर्मचारी आवश्यकता भएको हुँदा इच्छुकले २०८२ पुस ११ गतेभित्र संस्थामा आई निवेदन दिनुहुन अनुरोध छ ।

| पद | सङ्ख्या | शैक्षिक योग्यता | तलब स्केल |
|---|---|---|---|
| बजार प्रतिनिधि | १ (एक) | साधारण लेखपढ गर्ने जान्ने | संस्थाको नियमानुसार |

**निवेदन दिने अन्तिम मिति** : २०८२/०९/११ गते

**निवेदन दिने स्थान** : संस्थाको कार्यालय, आदर्श भनपा (सिद्धि स्मृति बाल अस्पताल नजिकै)

**कस्तुरी बचत तथा ऋण सहकारी संस्था लि.**

भनपा-७, आदर्श, फोन नं. ०१-६६१४६३३, मधु सुदन पण्डित : ९८६०४८७३८५

## हार्दिक समवेदना



जन्म : १९९१/०८/१०
निधन : २०८२/०९/०२

यस सहयोग समितिका सल्लाहकार न्हुछे प्रजापतिकी जीवन सङ्गिनी एवं सदस्य न्हुछेलक्ष्मी प्रजापतिका सासूआमा **असलमाया प्रजापति** ब्रह्मलीन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**वाकुपति नारायण मन्दिर परिसर सहयोग समिति**

सूर्यमढी-९, भक्तपुर

## भावपूर्ण श्रद्धाञ्जली



**स्व. लक्ष्मी भक्त चवाल**

(जन्मः २०१०/०३/२४ - स्वर्गारोहणः २०८२/०८/२२)

यस वित्तीय संस्थाका संस्थापक शेयरधनी **लक्ष्मीभक्त चवाल**को असामयिक स्वर्गारोहण भएको **आज १३ औं दिनको पूण्यतिथि**मा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा सेन्ट्रल फाईनान्स लिमिटेड परिवार हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सेन्ट्रल फाईनान्स लिमिटेड**
**CENTRAL FINANCE LIMITED**
*Serving Your Financial Needs*

कानदेवस्थान, कुपण्डोल, ललितपुर

## हार्दिक समवेदना



**नारायणभक्त अवाल**

**जन्म : १९९३/०५/२३ निधन : २०८२/०८/२३**

हाम्रा आत्मीय मित्र लक्ष्मण अवालका पूजनीय पिता **नारायणभक्त अवाल**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

| | | |
|---|---|---|
| जुजुकाजी ज्याख्व | आशा सुवाल | तीर्थ राजचल |
| रवि राजभण्डारी | नविन प्रजापति | राजु ग्वाछा |
| रामभक्त कोजु | रविन्द्र प्रजापति | तुल्सी सुवाल |
| | सुकुराम मगजु | |

**दोलखा ग्रुप परिवार**

## हार्दिक समवेदना



**लक्ष्मीभक्त चवाल**

**जन्म : २०१०/०३/२४ निधन : २०८२/०८/२२**

यस संस्थाका कोषाध्यक्ष कृष्णसुन्दर चवालका पूजनीय पिता **लक्ष्मीभक्त चवाल**को दुःखद निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं

**लुनिभा बचत तथा ऋण सहकारी संस्था लि.**

सल्लाघारी, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा